लेखापरीक्षण प्रतिवेदन

तानसेन नगरपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

तानसेन नगरपालिका, पाल्पा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

प.सं.:2082/83
च.न :APPROVED/FAR/2081-82/LOC/251

मिति : २०८३-१-२९

श्रीमान नगर प्रमुखज्यू,
तानसेन नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, पाल्पा ।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।०८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, लुम्बिनी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२९
च.न :APPROVED/FAR/2081-82/LOC/251

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान नगर प्रमुखज्यू ,

तानसेन नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

तानसेन, पाल्पा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले त्यस नगरपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरूसमावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामान बमोजिमको ढाँचामा वित्तीय विवरण तयार तयार गर्नु पर्नेमा यस पालिकाले अन्तरसरकारी अख्तियारी तर्फको आर्थिक कारोबारको विवरण समावेश गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. नगरपालिकाको आय-व्ययतर्फको रु ३ अर्व १७ करोड ६८ लाख ११ हजारको लेखापरीक्षणबाट रु ३ करोड २४ लाख ३५ हजार बेरुजू देखिएकोमा प्रतिक्रिया प्राप्त भएकोमा कुनैपनि फछ्यौट नभइ असुल गर्नुपर्ने रु १० लाख २३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड १९ लाख १३ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ७३ लाख ५ हजार र पेस्की बाँकी रु. २१ लाख ९४ हजार गरी जम्मा रु ३ करोड २४ लाख ३५ हजार बाँकी रहेको छ।. गत वर्षसम्म रु. ४९ करोड २२ लाख २४ हजार बेरुजू बाँकी रहेकोमा रु ८ करोड ३० हजार समायोजन तथा रू.२ करोड ६ लाख ६८ हजार सम्परीक्षण भई यसवर्षको थपसमेत हालसम्मको अद्यावधिक बेरुजू रु.४२ करोड ३९ लाख ६१ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले नगरपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा

महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३. अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। नगरकार्यपालिका, प्रमुख र प्रमुख प्रशासकीय अधिकृत तानसेन नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५. वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आकडा मानिएको छ।

(राम प्रकाश महतो)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८९	५२	३,२४,३५,५६१	०	०	०	०	८९	५२	३,२४,३५,५६१	१०,२२,८३५	१,७३,०५,४८८	१,१९,१२,७३८	०	०	२,९२,१८,२२६	२१,९४,५००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
पाल्पा	४९,२२,२४,०४९	(८,००,३०,०००)	२,०६,६८,८७९	३९,१५,२५,१७०		३,२४,३५,५६१	४२,३९,६०,७३१

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	४२	बिज्ञापन करको बाँडफाँड	२,८५,५४०
२	२०८०/८१	६७	पेश्की बाँकी	१७,४६,५३४
३	२०८०/८१	६६	रुग्ण आयोजना	९६,४४,१०९
४	२०७९/८०	४१	प्रदेश समपुरक	४,५६,१४४
५	२०७८/७९	४६	प्रदेश समपुरक	१५,३७,९७७
६	२०७७/७८	२२	खरिद व्यवस्थापन	११,१२,९९१
७	२०७७/७८	४०	शीर्षक विपरित खर्च	१७,२८,०३८

८	२०७७/७८	२९.२	मुख्यमन्त्री रोजगार कार्यक्रम	१९,९८,८८२
९	२०७७/७८	१५.३	कोभिड तर्फ	२१,५८,६६४
जम्मा				२,०६,६८,८७९

तानसेन नगरपालिका, पाल्पा

(८०५५०४०१३००)

तानसेन नगरपालिका , पाल्पा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो। स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्न र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्न पालिकाको उद्देश्य रहेको छ।यस पालिकामा १४वटा वडा, १०९.८ वर्ग किलोमिटर क्षेत्रफल तथा ५०४०५ जनसंख्या रहेको छ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८२।०५।०३ देखि २०८२।०५।१५ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय – व्ययतर्फ रु. ३ अर्ब १७ करोड ६८ लाख ११ हजार २ सय ९१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(छ) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १०५५३३६ असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	बिवरण	रकम रु.
१	पाठ्यपुस्तक बढी निकासा १४ विद्यालय	१८२६८५
२	बैठक भत्ता	१७००
३	दमकडा मा वि कर कट्टी दाखिला	१२४६१
४	पारिश्रमिक बढी दाखिला	७६४०
५	कार्यसम्पादन जमानतको रकम असुली	८२४०००
६	कामको संसार चिनाउने कार्यक्रम (संयोजक भत्ता)	२६८५०

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकीकृत आर्थिक विवरण**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले पेश गरेको आर्थिक वर्ष २०८१।०८२ भएको खर्चको एकिकृत आर्थिक वित्तीय विवरण देहायबमोजिम रहेको छ ।

क्र	आय तर्फ			सि.नं.	व्यय तर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		७८००७८७१.५४	१	**चालु खर्च**	५६११३१४४८.९६	५६११३१४४८.९६
	क) नगद			२	**पूँजीगत खर्च**	६०४१२८८६८.६६	६०४१२८८६८.६६
	ख) बैंक	७८००७८७१.५४		३	**वित्तीय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**		२१६९२१४६५.६०		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	७३६००१४५.९१			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	११५९९३०४५.४०			ग) अन्य भुक्तानी		
	ग) राजस्व बाँडफाँड प्रदेश	१२६९८०२८.००					
	घ) राजस्व बाँडफाँड स्थानीय	१४६३०२४६.२९					
	ङ) अन्य आय			४	**लगानी**		
३	**वित्तीय हस्तान्तरण**		९७३८६४२७३.१०		ऋण लगानी		
	क) वित्तीय समानीकरण अनुदान	१४१४०२१६०.००			शेयर लगानी		
	ख) सशर्त अनुदान	८०९५५८४८६.१०			अन्य लगानी		
	ग) समपूरक अनुदान	१११०६६३४.००		५	**धरौटी फिर्ता**	१०७२४१७८.२०	१०७२४१७८.२०
	घ) विशेष अनुदान	११७९६९९३.००					
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		२७०६३९०१.००	६	**निकासा फिर्ता खर्च**	१०५७९८०७६.३२	१०५७९८०७६.३२
	क) वित्तीय समानीकरण अनुदान	१०९१३०००.००		७	**मौज्दात**		
	ख) सशर्त अनुदान	१०६३६१२५.००			क) नगद मौज्दात		
	ग) समपूरक	५५१४७७६.००			ख) संचित	६१२८४९७५.००	६१२८४९७५.००

	अनुदान				कोष		
	घ) विशेष अनुदान				ग २.७विविध खर्च	५०८३११०९.२६	५०८३११०९.२६
५	**अन्तर सरकारी**	२२७६२३४५२.००	२२७६२३४५२.००		प्रकोप व्यवस्थापन	१९३१११६.९०	१९३१११६.९०
६	**वित्तीय व्यवस्था प्राप्ति**				धरौटी	५८६६८२९१.२७	५८६६८२९१.२७
	क) ऋण प्राप्ति						
	ख) साँवा प्राप्ति						
	ग) ब्याज प्राप्ति						
	घ) अन्य प्राप्ति						
	नगर विकास कोष	२७८६४९४५.००	२७८६४९४५.००				
	शित भण्डार						
७	**विभिन्न कोषतर्फको आय**		८४४०८०३८.९३	८	**विभिन्न कोषतर्फको व्यय**		२५९२६९२६४.८१
	प्रकोप व्यवस्थापन	३१२३६१६.९०			प्रकोप व्यवस्थापन	११९२५००.००	
	विविध कोष खाता	२०१८३६९५.९०			विविध कोष खाता	२०१८३६९५.९०	
	विविध खर्च खाता	६११००७२६.१३			विविध खर्च खाता	१०२६९६१६.९१	
८	**जनसहभागिता (नगद)**	८६२०९१३.००	८६२०९१३.००		अन्तर सरकारी	२२७६२३४५२.००	
९	**विषयगत निकायबाट प्राप्त रकम**						
१०	**धरौटी आय**	६९३९२४६९.१९	६९३९२४६९.१९				
११	**लगानीको साँवा फिर्ता**						
१२	**अन्य विविध आय (जिल्ला समन्वय)**						
	जम्मा	१७१३७६७३२९.००	१७१३७६७३२९.४०		**जम्मा**	१७१३७६७३२९.३८	१७१३७६७३२९.४०

३ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले अन्तरसरकारी अख्तियारी तर्फ सामाजिक सुरक्षा र संरक्षणमा रू.२०,४२,७७,८२६/- स्थानीय पूर्वाधार सहयोग कार्यक्रममा रू.१,९१,५०,१९९/- स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रू.४१,९५,४२७/- गरी जम्मा रू.२२,७६,२३,४५२/- सुत्रमा लेखाङ्कन गरेको छैन। पालिकाले अनुसूची १४ मा अन्तरसरकारी अख्तियारी समावेस गरी एकिकृत बजेट तथा खर्च विवरण तयार गरेता पनि सो समावेश भएको रकम (म.ले.प.फा.नं. २७०) को वित्तीय विवरणमा समावेश हुँदैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र प्रणली मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

(विस्तृत विवरण बेरूजु दफा ३ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

४ **बैँक हिसाब**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ। आय व्यय लेखा प्रणाली तथा राजस्व र खर्च शिर्षकको वर्गीकरण अनुसार लेखाकंन र बैंक हिसाव मिलान विवरण (म.ले.प. फारम नं २७०) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। स्थानीय संचित व्यवस्थापन प्रणाली (सुत्र) बमोजिम बैंक तथा श्रेस्ता बाँकीको प्रतिवेदन देहाय बमोजिम रहेको छ।

बैंकको नाम	खाता नं	खाताको प्रकार	श्रेस्ता अनुसार बाकी रु	बैंक अनुसार बाकी रु
राष्ट्रिय बाणिज्य बैंक लिमिटेड	३०३०१००३०२०७००००	ग २.७, विविध खर्च खाता	५,०८,३१,१०९.२६	५,०८,३१,१०९.२६
राष्ट्रिय बाणिज्य बैंक लिमिटेड	३०३०१००३०३००००००	ग ३.१, स्थानीय तह धरौटी खाता	५,८६,६८,२९१.२७	५,९२,१३,६०४.२६
राष्ट्रिय बाणिज्य बैंक लिमिटेड	३०३०१००३०४०१००००	ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	६,१२,८४,९७५.९२	६,०७,३९,६६२.९३
राष्ट्रिय बाणिज्य बैंक लिमिटेड	३०३०१००३०७०२००००	ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	१९,३१,११६.९०	१९,३१,११६.९०
जम्मा			१७,२७,१५,४९३.३५	१७,२७,१५,४९३.३५

५ **बजेट पेश, पारित र अख्तियारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ। यस पालिकाको उपप्रमुखले मिति २०८१।३।१८ मा रू.१ अर्व ५५ करोड ७६ लाख २० हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१८ मा पारित भएको छ। यसैगरी स्थानीयतहका अध्यक्षले मिति २०८१।०३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ ।

६ **राजश्व ढिला दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७७ को दफा २७ बमोजिम सरकारलाई प्राप्त हुने राजश्व रकम कार्यालयमा प्राप्त भएपछि सोही दिन र सोही दिन सम्भव नभए सोको भोलिपल्ट जिम्मेवार व्यक्तिले राजस्वको लेखा राखी बैँक दाखिला गर्नुपर्ने व्यवस्था छ । त्यसै गरी दफा २८ (२) बमोजिम आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागीय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो

रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र सोभन्दा बढी ढिलो गरेको भए दश प्रतिशतको दरले जरिवाना गरी दाखिला गर्न लगाई कसुरको मात्रा अनुसार विभागीय कारबाही गर्न गराउन सक्ने व्यवस्था छ । पालिकाले सफ्टवेयरको माध्यमवाट राजश्व संकलन गर्ने गरेको जनाएता पनि राजश्व असुली दाखिला कानुनी व्यवस्था अनुरुप भएको देखिएन। यस सम्बन्धमा पालिकासँग छलफल गर्दा भौगोलिक हिसाबले तोकिएको समयमा दाखिला गर्न नसक्ने अवस्था रहेको जनाएको भएतापनि पालिकाले वडा कार्यालयमा संकलित राजश्व समयमा दाखिल गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

७ **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख छ। स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिबी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकासमा हुनुपर्ने उल्लेख गरेको छ र सोही प्राथमिकताका आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नानुसार ६ वडाको लागि वडागत र पालिकास्तरका कुल ५३७ योजनामा बजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५लाख भन्दा कमका योजना सङ्ख्या	कार्यान्वियन भएका योजना संख्या	कार्यान्वयन नभएका योजना संख्या
१	पालिकास्तरीयतथा वडा स्तरीय	५३७	१०	५७	४७०	५३५	२

उपर्युक्त विवरण अनुसार ५३७ वटा योजनामा ५ लाखभन्दा न्यून योजना संख्या ४७० अर्थात ८७ प्रतिशत रहेको, ५ देखि २० लाखसम्म ५७ वटा अर्थात १०.६१ प्रतिशत रहेको तथा २० लाखभन्दा ठुला १० अर्थात १.८६ प्रतिशत मात्र रहेको देखिन्छ। पालिकाको नीति तथा कार्यक्रममा टुक्रे आयोजना संचालनलाई निरुत्साहित गर्दै न्यूनीकरण गरिने उल्लेख भएतापनि अधिकांश योजना बजेट छर्ने प्रबृत्ति अनुरुपको रहेको देखिन्छ। यसरी न्यून बजेटको योजना कार्यान्वयनले योजनाबाट प्रतिफल प्राप्त नहुन सक्ने, लागत प्रभावी नहुने, सुपरीवेक्षणमा ध्यान दिन कठिनाइ हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण तथा छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ।

८ **लक्ष्य प्रगति विवरण**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कार्यक्रम बमोजिम कार्य सम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । नियमानुसार जुनसुकै कार्यालयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा पालिकाले सञ्चालन गरेका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार खर्च तथा प्रगति स्थिति देहाय बमोजिम छ ।

कार्यक्रम/योजना संख्या	यो बर्ष खर्च	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
५३७		२	१	३	२१

उपरोक्त अनुसार विश्लेषण गर्दा २ वटा योजनाहरुमा शून्य प्रगति भएको, तथा २१ योजनाहरुमा ७५ प्रतिशत प्रगति भएको विवरण पेश भएकोमा अन्तिम चौमासिकमा ठेक्का प्रकृया भएको कारण न्यून प्रगति भएको कार्यालयको भनाई रहेको छ । यस सम्बन्धमा कार्यालयले कार्यक्रमको कार्ययोजना समेत तयार गरी शतप्रतिशत प्रगति हुनेगरी कार्य सम्पादन गर्नुपर्ने देखिन्छ।

९ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका लागि क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको छ । पालिकाले स्थानीय आवश्यकता समेत विश्लेषण गरी कार्यसंचालन तथा प्रशासनिक खर्चमा मितव्ययिता कायम राख्दै पुर्वाधार विकास तथा आर्थिक विकासमा स्रोत वढाउनुपर्ने देखिन्छ ।

क्र.सं.	क्षेत्रगत विवरण	बजेट	खर्च	कुल बजेटमा प्रतिशत
१	आर्थिक विकास	३१०३९७५०	२६४६३४७९.२	२.२७
२	सामाजिक विकास	४९२३८९२२२	४४२४०१३१२	३७.९७
३	पूर्वाधार विकास	८३१२०५५९४	५४११७७३६२	४६.४४
४	सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र	५०५६६३९७.८	३५०६५११०.३	३.०१
५	कार्यालय संचालन तथा प्रशासनिक	१३०८७७६६०	१२००९८०५५	१०.३१
	जम्मा	१५३६०७८६२४	११६५२०५३१८	१००.००

१० त्रैमासिक खर्च विश्लेषण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा बजेट तथा कार्यक्रम कार्यन्वयन गर्ने प्रत्येक कार्यालयले अनुसूची-२ बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालय र केन्द्रीय निकायमा पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाको त्रैमासिक खर्चको विवरण यस प्रकार रहेको छ।

(रकम रू. हजारमा)

क्र.स	बजेट	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
			प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
१	कुल खर्च रकम	११६५२०५	१२१२९३	२१४६०४	२९३९०७	५३५३९९	३१५२९७
२	पुँजीगत खर्चतर्फ	६०४०७३	२३४	८८२२१	१६०४८०	३५५१३६	१७०२७५
३	प्रतिशत	५२	०.०४	१४.६०	२६.५७	५८.७९	२८.१९

• पालिका पुँजीगतमा रु.९०,७९,९६,०००।-विनियोजन भएकोमा खर्च जम्मा रु.६०,४०,७३,०००।- मात्र भएको देखिन्छ।

• खर्चको प्रवृत्ति हेर्दा पालिकाको पहिलो त्रैमासिकमा ०.०४% खर्च भएको, दोस्रो त्रैमासिकमा १४.६०% खर्च भएको, तेस्रो त्रैमासिकमा २६.५७% खर्च भएको, छ भने चौथो त्रैमासिकमा ५८.७९% खर्च भएको देखिन्छ।

• यस वर्ष पनि पालिकामा वर्ष अन्तिममा मात्र खर्च गर्ने परिपाटी कायम रहेको देखिन्छ।

• असार महिनामा कुल बजेटको २८.१९ प्रतिशत खर्च भएको देखिन्छ।

यसरी आर्थिक वर्षको अन्त्यमा मात्र खर्च गर्ने गर्दा हतारमा गुणस्तरीय कार्य नहुन सक्ने, अनुगमन प्रभावकारी नहुन सक्ने लगायतको समस्या देखिने हुनाले समानुपातिक रुपमा खर्च गर्नुपर्ने तथा आर्थिक वर्षको अन्तमा मात्र खरिद गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ।

११ नीति तथा कार्यक्रम कार्यान्वयनको स्थिति

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय सहित क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्नुपर्ने सो अनुसार स्थानीय तहले पालिकावाट पारित नीति तथा कार्यक्रम अन्तर्गत रहि योजना कार्यान्वयन गर्नुपर्ने देखिन्छ । पालिकावाट नीति तथा कार्यक्रममा रहेका मुख्य ५ कार्यक्रमहरुमध्ये व्लड बैंक स्थापनाका लागि अनुदानको व्यवस्था गरिने, सिद्धार्थ आर्थिक कोरिडोर" मार्फत् नेपाल सरकार, प्रदेश सरकार, सम्बद्ध स्थानीय तह र बहुपक्षीय साझेदारहरुसँग सहकार्य गरिने,गुफाचौरमा गणेश मूर्ति स्थापना गरी धार्मिक तथा पर्यटकीय गन्तव्यको रुपमा विकास गरिने, वडा नं. ९ को माण्डव्य सरोवर क्षेत्र, वडा नं. १४ अर्गली कमल पोखरी लगायतका स्थानहरुका जग्गाहरुको संरक्षण र व्यवस्थापन गरिने, टोल विकास संस्था क्रियाशिलताको लागि स्रोत साधनको व्यवस्था मिलाइने लगायतका कार्यक्रमहरु संचालन नभएको विवरण पेश भएको छ । नीति तथा कार्यक्रम अनुसार तादम्यता हुनेगरी योजनाको व्यवस्थापन हुनुपर्दछ।

१२ कानुन निर्माण तथा कार्यान्वयन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १० वटा ऐन, नियमावली ४, कार्यबिधि मापदण्ड १५, निर्देशिका ४, आचारसंहिता १ र अन्य ४ समेत ३८ कानुन स्वीकृत भएको देखियो । उक्त कानुन तथा नियमको प्रभावकारी कार्यान्वयन भए नभएको सम्बन्धमा पालिकाले अनुगमन प्रतिबेदन गरेको देखिदैँन।

१३ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। न्यायीक समितिमा गतवर्षको १ जिम्मेवारी वाँकी रहेकोमा यस वर्षको २४ समेत २५ उजुरी रहेकोमा २१ वटा उजुरी फर्स्यौट तथा १ मुद्धा मिलाप भएको र २ मुद्धा बाँकी भएको विवरण पेश भएको छ । बाँकी भएका मुद्धाको नियमानुसार फर्स्यौट गर्नुपर्दछ ।

१४ खर्च विश्लेषण

पालिकाले यसवर्ष कुल आन्तरिक आयबाट रु. ७,३६,००,१४५/- राजस्व बाँडफाँट र अनुदानबाट रु.१,००,०९,२८,१७४ समेत रू.१,२१,७८,४९,६३९/- आम्दानी भएकोमा चालु तर्फ रु.५६ करोड ११ लाख ३१ हजार र पुँजीगत तर्फ रु.६० करोड४१ लाख २८ हजार समेत रु.१ अर्व १६ करोड ५२ लाख ६० हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ६ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.१,५३,१८,६५०/- खर्च भएको छ, जुन आन्तरिक आयको २० प्रतिशत रहेको छ ।पालिकालाई प्राप्त भएको आन्तरिक आय, अनुदान र राजस्व बाँडफाँटको रकमबाट ४६ प्रतिशत चालु र ४९ प्रतिशत पुँजीगत निर्माणमा खर्च भएको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

१५ योजना तथा बजेट कार्यान्वयन

योजना तथा बजेटमा सम्बन्धमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। साथै दिगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागु गरेको समेत छैन।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दा खरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.६० करोड ४१ लाख २८ हजारको खरिद गुरुयोजना तयार नगरी खरिद व्यवस्थापन गरेको

देखियो ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन,२०७८ को दफा २ अनुसार यस वर्ष थपघट समेत सभाको निर्णयबाट ७५ योजना तथा कार्यक्रममा रु. ३०करोड २६ लाख ५९ हजार विभिन्न मितिमा रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा १९ प्रतिशत हुन्छ। सुरु वजेटको योजना संसोधन तथा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन।

उल्लेखित अवस्थाका कारण पालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन। तसर्थ पालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ।

१६ सेवा प्रवाह

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था रहेको छ । पालिकाबाट यस आ.व मा निम्नानुसारको सेवा प्रवाह भएको विवरण प्राप्त भएको छ । सेवा प्रवाह र कार्यसम्पादन सूचक पेश नभएकोले सेवा प्रवाहको थप विश्लेषण गर्न सकिएन । पालिकाले वार्षिक लक्ष्य तोकी लक्ष्य अनुसार कार्यसम्पादन गर्नुपर्दछ ।

विवरण	जम्मा
नागरिकता सिफारिस	३९८५
नाता प्रमाणित	९१३
व्यक्तिगत घटना दर्ता	१८६९
अन्य सिफारिस	१०४७२

१७ अवण्डा बजेट

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार बजेट तथा कार्यक्रम स्वीकृत गराई तोकिएको योजना तथा कार्यक्रममा मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। पालिकाले निम्नानुसारको नाममा रकम विनियोजन गरी विभिन्न मितिमा एकमुष्ट रुपमा विनियोजित बजेटबाट कार्यपालिकाको निर्णय संलग्न गरी विभिन्न भुक्तानी दिएको देखियो। उक्त खर्च भएको कार्यक्रमहरुमा सभाबाट समर्थन गरेको देखिएन। तसर्थ सम्बन्धित शिर्षकमा बजेट विनियोजन गरी स्थानीय सरकार संचालन ऐनको मर्मअनुरुपको खर्च व्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

क्र.सं	शिर्षक	विनियोजित बजेट	खर्च रकम
१	मेयर पूर्वाधार विकास कार्यक्रम	११९०२०६६	९१०४१४४
२	उपमेयरसँग महिला मैत्री पूर्वाधार विकास कार्यक्रम	२००००००	८२२२४५
जम्मा			९९२६३८९

१८ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक वार्षिक प्रतिवेदन पालिकामा बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पालिका भित्र ५५ वटा सहकारी संस्था रहेका मध्ये ४० सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको नगरेको तथा समस्याग्रस्त सहकारी संख्या ९ रहेका छन। पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन।जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे

अध्ययन गर्न सकिएन। तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

१९ समग्र चालु खर्चको स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाको विगत २ वर्षको खर्चको तुलना गर्दा देहाय अनुसार देखिएको छ।

खर्च शिर्षक	यो वर्ष		गत वर्षको	
	बजेट	खर्च	बजेट	खर्च
पदाधिकारी सेवा सुविधा	१४९५७५००	१५३१८६५०	१६००००००	१५६९६३८७
पदाधिकारी इन्धन	४८२५००	३२१३३२.८	२५००००	२५००००
पदाधिकारी वैठक	२९९१५००	२९९१५००	२४०००००	२३९९५८८
कार्यकारी वैठक	३८६०००	३८६०००	४०००००	३९०६५०
कार्यालय संचालन	२८९५०००	२८१६६७४	३५०००००	३५०००००
इन्धन	२०२६५००	२०२६४०९.५५	२२०००००	२१३७१९६
मर्मत	१७३७०००	१७३७०००	१६५००००	१५३०२२६.०९
धारा पानी विधुत	१३५१०००	१३३८२९९.३२	९७५०००	९७५०००
आर्थिक सहायता	१५०००००	४०७५१२	५०००००	२७०००२.५
विविध खर्च	२४१४७५०	१२९३४०५	३४०००००	३३२८३५४
चालु खर्च जम्मा	**१२३१३७५००**	**११३२८७१३१**	**१२४३३९६५३**	**११९४४६५१५**

खर्चमा मितव्ययिता कायम गर्नुपर्नेः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यसरी खर्च लेख्दा आवश्यक्ता र औचित्यका आधारमा आवश्यक प्रमाण कागजात सहित मितव्ययी तवरले गर्नु पर्दछ । तर पालिकाले यस वर्ष निम्न बमोजिम खर्च लेखेकोमा देहाय बमोजिम पाईयो:-

भ्रमण खर्चः लुम्बिनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७६ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमणमा रू. ११,९६,७००/-खर्च भुक्तानी गरेको छ । कार्यालयले भ्रमण खर्च लेख्दा आवश्यकता समेत बिश्लेषण गरी अनिवार्य रुपमा भ्रमण प्रतिवेदन संलग्न गरेर मात्र खर्च लेखी मितव्ययिता कायम गर्नुपर्ने देखिन्छ ।

इन्धन खर्च- सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोबिल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी गर्नुपर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ।कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु.२०२६४०९।-खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत अद्यावधिक गरी खर्च मितव्ययिता कायम गर्ने तर्फ ध्यान दिनुपर्दछ।

पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन :-सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु १० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सुचना प्रकाशनमा सोझै खरिद मार्फत रू.१३,५१,०००।-खर्च गरेको छ । पत्रपत्रिका तथा सुचना प्रकाशनको लागि दररेट लिई मितव्ययिता कायम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

मसलन्द तथा कार्यालय सामग्री खर्चः सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुलेसमेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शीर्षकमा यस वर्ष रु.६,७६,०००।-तथा अन्य कार्यालय खर्च शीर्षकमा रु.२८,१६,०००।-गरी जम्मा रु.३४,९२,०००।-खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान बमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण सुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

सवारी मर्मत र अन्य मर्मत खर्च - लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष मर्मत शीर्षकबाट रु.१७,३७,०००/-समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन। सवारी मर्मत सम्बन्धी आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वियन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

उपरोक्त अनुसार गत आर्थिक वर्षको खर्च समेतको विश्लेषण गर्दा पदाधिकारी इन्धन खर्चमा २८ प्रतिशत, पदाधिकारी बैठकमा २४ प्रतिशत, मर्मत खर्चमा १३ प्रतिशत, आर्थिक सहायता खर्चमा ५० प्रतिशत वढोत्तरी भएको देखियो । यस्तो प्रकारको खर्च लेख्दा आन्तरिक आय समेतको विश्लेषण गर्नुपर्ने, विविध खर्चको भुक्तानीमा पर्याप्त पुष्ट्याइ संलग्न गर्नुपर्ने, इन्धन खर्चमा लगबुग व्यवस्थित गर्नुपर्ने, आर्थिक सहायताको रकम सहितको मापदण्ड निर्धारण गर्नुपर्ने लगायतका विषयमा पालिकाले ध्यान दिनुपर्ने देखिन्छ।

२० वितरणमुखी खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ ।नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले देहायका वडाहरुमा ज्येष्ठ तथा विपन्न नागरिकहरुलाई थर्मस, व्ल्याङकेट लगायतका कार्यक्रम वापत रू. १२,४२,२५४ /- भुक्तानी खर्च लेखेको छ ।कार्यविधि वेगर वितरणमुखी कार्यक्रममा खर्च गरेकोमा आन्तरिक आय समेतको विश्लेशण गरी वास्तविकता र आवश्यकताको आधार लिनुपर्ने देखिन्छ ।

गो.भौ.नं	कार्यक्रम	भुक्तानी रकम
५९।२०८१।०६।३०	नगरपालिका स्तरीय तीज गीत कार्यक्रम	१२२२५४
१४०।२०८१।०७।१३	वडा नं ८ को तीज गीत कार्यक्रम	३००००
१५६।२०८१।०७।२१	वडा नं ४ को तीज गीत कार्यक्रम	५००००
१९०।२०८१।०७।२९	वडा नं ११ को तीज गीत कार्यक्रम	५००००
२२६।२०८१।०८।१२	वडा नं ७ को तीज गीत कार्यक्रम	४००००
७७८।२०८२।०१।२६	वडा नं १२ मा नौमती बाजा खरिद कार्यक्रम	१०००००
७८८।२०८२।०२।०२	वडा नं १० मा ७१ जना दलित र महिलाको लागि व्ल्याङकेट वितरण	२०००००
१०१७।२०८२।०३।०५	वडा नं ५ मा १५० जना जेष्ठ नागरिकलाई हर्लिक्स ढाका सहित सम्मान कार्यक्रम	२०००००
१०४४।२०८२।०३।०६	वडा नं १० मा जेष्ठ नागरिक सम्मान कार्यक्रमबाट इलेक्ट्रिक किट्ली सहित ४२ जना जेष्ठ नागरिकलाई सम्मान कार्यक्रम	१५००००
११६४।२०८२।०३।१५	वडा नं ७ को ८० भन्दा माथिको ५३ जना जेष्ठ नागरिकलाई छाता, जुत्ता, हर्लिक्स सहित सम्मान कार्यक्रम	१०००००
१२२६।२०८२।०३।१९	वडा नं २ मा टोल विकास संस्थाहरुको क्षमता अभिवृद्धि तथा सरसफाई व्यव्थापन खर्च शिर्षकबाट ४९० थान डस्टविन वितरण	२०००००
जम्मा		**१२४२२५४**

२१ पेश्की

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछ्र्यौट गर्ने कार्यविधि तोकेको छ। पालिकाले यस वर्ष निम्नानुसारको कार्यक्रमको पेश्की वाँकी रहेकोमा उक्त पेश्की आर्थिक वर्षको अन्तसम्म वाँकी रहेको देखिएकोले उक्त म्याद नाघेका पेश्की खरिद नियमावली तथा खरिद सम्झौता वमोजिम फछ्र्यौट हुनुपर्ने

क्र.सं	पेश्की लिने व्यक्ति वा फर्म वा कम्पनीको नाम	पेश्की रकम
१	हेफर प्रोजेक्ट नेपाल	२१९४५००

पेश्की	२१,९४,५००

२२ उपभोक्ता समितिवाट खरिद व्यवस्थापन

पालिकाले यस वर्ष संचालित भएका निर्माण कार्यको उपभोक्ता समितिबाट कार्य गराई भुक्तानी दिएको छ । सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिमार्फत खरिद व्यवस्थापन सम्बन्धमा व्यवस्था रहेकोमा सो अन्तर्गत देखिएका सैद्धान्तिक व्यहोराहरु निम्नानुसार रहेका छन्।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट गराउन सक्ने र यसका लागि सम्बन्धित काम र सेवाको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समिति वा लाभग्राही समुदायको व्यहोर्ने वा व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खुलाई सार्वजनिक निकायले सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्न वा त्यस्तो समिति वा समुदाय आफैंले प्रस्ताव वा निवेदन पेश गर्न सक्ने व्यवस्था रहेको छ । तर पालिकाले यस वर्ष उपभोक्ता समितिबाट कार्य गराउँदा अधिकांश योजनाहरुको सम्झौता बाहेक सम्झौता पूर्वका सुचना प्रकाशन,उपभोक्ता समितिले प्रस्ताव पेश गरेको कागजातहरु संलग्न गरेको देखिएन। नियमावलीको व्यवस्था पालना गरी पारदर्शी र प्रतिस्पर्धात्मक रुपले गरिएको देखिने प्रमाण कागजातहरु राख्नुपर्ने देखियो ।

• उपभोक्ता समितिले कार्य गरेको योजनाहरुको नमुना छनौट गरी परीक्षण गर्दा योजनाहरुमा पेश गरेको ग्राभेल, माटो, बालुवा गिटी लगायतका सामग्रीहरु खरिद गर्दा भरपाई मार्फत भुक्तानीको लागि पालिकामा पेश गर्ने गरेको देखियो। यसरी खरिद भरपाई संलग्न गर्दा नमुना छनौट गरी परिक्षण गरिएका केही योजनाहरुमा परिमाण खुल्ने देखिंदैन। सम्भव भएसम्म निर्माण सामग्रीहरूको आधिकारिक बिल पेश गर्न लगाउनेतर्फ पालिकाले ध्यान दिनुपर्छ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितामूलक, उत्पादनमुलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना वनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वियनमा ल्याउनुपर्ने व्यवस्था छ । सो अनुसार दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरेको पाइएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१२) बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नु पर्ने व्यवस्था छ । पालिकाले आयोजना हस्तान्तरण कार्यविधि तयार नगरेको तथा सम्पन्न भएका कुनै पनि योजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन ।उपभोक्ता समितिसँग खरिद कार्यको लागि पुस्तक तयार गरेकोमा उक्त पुस्तकको पृष्ठ नं ४५ मा आयोजना हस्तान्तरण फारम संलग्न भएको देखिएतापनि हस्तान्तरण भएको देखिएन। उपभोक्ता समितिसँगको छलफल, योजना सम्पन्न पश्चातको प्रतिकृया, आगामी दिनमा योजनाबाट सिक्नुपर्ने सिकाई लगायको वेहोरा सहित अपनवत्व कायम हुने गरी सम्पन्न आयोजना मर्मत, रेखदेख तथा उचित संरक्षणको कार्यबिधि तयार गरी सम्पन्न भएका आयोजनाहरु हस्तान्तरण गर्नुपर्ने देखिन्छ।

• उपभोक्ता समितिको न्युन योगदान -पालिकाले आर्थिक वर्ष २०८१।०८२ मा उपभोक्ता समितिको अधिकतम १० प्रतिशत मात्र योगदान राखी सम्झौता गर्ने निर्णय गरेको र सोही अनुसार भुक्तानी गर्ने गरेको देखियो । न्युन लागत सहभागिता राखी कार्य गराएकोले पुनर्विचार गरी उपभोक्ता समितिको लागत सहभागिता अधिकतम वनाउनुपर्ने देखिन्छ ।

• निर्माण कार्यको समय र गुणस्तर – सार्वजनिक निकायले कुनै पनि निर्माण कार्य गर्दा सो पुरा गर्न लाग्ने अवधी, गुणस्तरीयता लगायतको बिचार गरी निर्माण समयाबधी कायम गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिहरुसँग सम्झौता गरी निर्माण कार्य गर्दा सिमेन्ट कंक्रिटिङ, भवन निर्माण लगायतमा न्युन अवधिभित्र सम्पन्न गर्नेगरी सम्झौता गरेको तथा सोही अबधिभित्र उपभोक्ता समितिले निर्माण कार्य सम्पन्न गरेको देखियो । कोटेशन तथा शिलवन्दी समेतको कार्य गराएकोमा पि.सि.सि लगायतको कार्य गराएको नापी संलग्न भएकोमा अधिकांश योजनाहरुको प्राविधिक परीक्षण गरेको देखिएन । सिमेन्ट कंक्रिटिङ लगायतका कार्यहरूको गुणस्तर कायम हुनेगरी ल्याव टेस्ट समेत समेत संलग्न गरेर मात्र निर्माण कार्यको भुक्तानी हुनुपर्ने देखिन्छ । उपभोक्ता तथा प्रतिस्पर्धात्मक तवर तथा अन्य खरिद विधि अपनाइ गरिएका सम्पुर्ण पुर्वाधारजन्य खरिद व्यवस्थापनको प्राविधिक परीक्षण गर्नुपर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

• खर्च अनुमोदन;- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्यांकन, विल भरपाई र खर्च प्रमाणित गर्ने कागजात त्यस्तो समिति वा समुदायको बैठकवाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरि परीक्षण गरिएका पालिकावाट संचालित आयोजनाहरु उपभोक्ता समिति मार्फत संचालन योजनाको विल भुक्तानीको लागि प्राविधिक मूल्यांकन पेश गर्ने गरेको भएतापनि अन्य विल भरपाई र खर्च प्रमाणित गर्ने कागजातहरु समितिवाट खर्च अनुमोदन गरेको प्रमाण र सार्वजनिक तथा सामाजिक लेखापरीक्षण गरी सोको प्रमाण

पेश गर्ने गरेको देखिएन । नियमको प्रावधान बमोजिम कागजात पेश गर्न लगाई खर्च थप पारदर्शी बनाउनेतर्फ पालिकाले ध्यान दिनु पर्दछ ।

• डोर हाजिरः पालिकाले उपभोक्ता समितिवाट सम्झौता गराई कार्य गर्दा तोकिएको फारम प्रयोग गर्दा फारममा उल्लेखित विवरणहरु पूर्णरुपमा भर्नुपर्दछ । पालिकासँग भएको सम्झौता अनुसारको बिल भरपाई पेश गर्दा उपभोक्ता समितिले डोर हाजिरमा उल्लिखित विवरणहरु पूर्ण रुपमा भर्ने गरेको पाइएन । महालेखापरीक्षकवाट स्वीकृत डोरहाजिरी फारम भरी प्राविधिक नर्म्स अनुसार सामाग्री विवरण र श्रम गणना गरी लागत अनुमानका साथ सामाग्री विवरण समेत उपलव्धता गराई निर्माण कार्यमा सुधार हुनुपर्दछ ।

• नापी किताब प्रबिष्टी एवं अभिलेख:- निर्माण कार्यको विस्तृत अभिलेखाङ्कनका लागि स्वीकृत ढाँचाको नापी किताब म.ले.प.फा.न. ५०३ मा ठेक्का नं., आर्थिक वर्ष, कार्यालयको नाम, योजना संचालन गर्नेको नाम, कामको नाम र स्थान, चेनेज, काम शुरु भएको मिति, सम्पन्न हुनुपर्ने मिति र सम्पन्न भएको मितिका साथै अघिल्लो बिलसम्म भएको कामको परिमाण र भुक्तानी रकम, हालको बिलबाट भएको कामको परिमाण र भुक्तानी हुने रकम समेत हालसम्म भएको कामको परिमाण र रकम समेत स्पष्ट रुपमा उल्लेख हुनुपर्ने व्यबस्था छ । पालिकाले तयार गरेको नापी कितावमा उक्त व्यहोरा उल्लेख नगरी कामको परिमाण र रकम मात्र उल्लेख गर्ने गरेको छ ।पालिकाले नापी सम्बन्धी अभिलेख नापी किताबमा नराखी लुज सिटमा तयार गर्ने गरेको पाईयो । तोकिएको ढाँचामा सबै व्यहोरा खुलाई एउटै नापी किताव नराखी, सम्झौता मिति,सम्पन्न मिति, नापजाँच गरेको मिति लगायत अधिकांश योजनामा नखुलाई, ठेक्का बिल अनुसार अलग अलग नापी किताब राख्दा पछिल्लो थप निर्माण कार्य गराउँदा आवश्यक सूचना लिन र अभिलेख व्यवस्थापन गर्न कठिन पर्ने तथा अघिल्लो रनिङ बिलको रकम भुक्तानी गर्दा दोहोरिने सम्भावना रहने देखिन्छ । क्रमागत तथा बहुबर्षीय योजना कार्यक्रमको लागि गत बिगतसम्म के कती भुक्तानी भए सो को अध्ययन तथा जानकारीको लागि नापी किताब अत्यावश्क रहने हुनाले सम्बन्धित नापी किताब श्रेस्तासाथ मात्र नराखी अभिलेख व्यवस्थापनमा समेत सहयोगी हुनेगरी सम्झौता मिति, सम्पन्न मिति, नापजाँच गरेको मिति, सम्पादित नापजाँचको चेनेज लगायत अनिवार्य खुलाई व्यवस्थित रुपमा राख्नुपर्दछ।

• लागत अनुमान अनुसारको विल भरपाई यकिनको स्थिति - उपभोक्ता समितिहरुले योजना सम्पन्न पश्चात पेश गरेको विल भरपाई लागत अनुमान तथा नम्स अनुसार लाग्नेभन्दा घटीबढी वा वास्तविक छ/छैन सो सम्वन्धमा यकिन गर्ने गरेको देखिएन । केही सामग्रीको (इटा,छड, सिमेन्ट लगायतको) अस्वभाविक रुपमा बढी बिल भरपाई समेत पेश हुने गरेको देखियो । अधिकांश योजनाहरुको श्रेस्तासाथ संलग्न विल भरपाइको परीक्षण गर्दा कति परिमाण उपभोक्ता समितिवाट खरिद भयो खुल्न सक्ने स्थिति देखिएन । उपभोक्तावाट पेश भएका बिल भरपाई हरूको पालिकाबाट नर्म्स अनुसारको गणना तथा परीक्षण भएको देखिएन ।लागत अनुमान तयार गर्दा बालुवाको लागि क्रसरको बालुवाको दर रु ३४०० घनमिटरको समावेश गरी दर विश्लेषण गरेको देखियो । भुक्तानी श्रेस्तासाथ अधिकांश २० हजार सम्मको पान विल संलग्न गरिएकोले वास्तविक लागत अनुमान अनुसारको सामाग्री खरिद भएकोमा विश्वस्त हुने आधार देखिंदैन। पालिकाले नदिजन्य पदार्थहरुको विक्री वितरण गरेको नदेखिएको तथा उपभोक्ताहरुवाट ढुँगा तथा वालुवाको रोयल्टी संलग्न गरेको देखिएकोले वास्तविक विल भरपाइ रहेको देखिंदैन । केही योजनाहरुको रनिङ विल उपलब्ध गराएकोमा पटके भुक्तानीमा लागत अनुमान अनुसार वास्तविक बिल भरपाई यकिन नगरी भुक्तानी गर्नाले उपभोक्ताबाट गुणस्तरीय कार्य भएको छ भनि विश्वस्त हुने आधार देखिएन।

• पालिकाले तयार गरेको योजना सम्झौता कितावको पृष्ठ नं ३६ म एकै प्रकृतिको सामाग्रीको २०,००० भन्दा वढि रकमको हकमा कर विजक नै पेश गर्नुपर्ने, भरपाइ मान्य नहुने, कर छल्ने हिसावले टुक्रा टुक्रा गरी ल्याएको पान विल मान्य नहुने लगायतको ब्यहोरा उल्लेख भएकोमा उक्त व्यवस्थाको पालना हुनेगरी उपभोक्ता समितिसँगको खरिद कार्यान्वयन भएको देखिएन।

२३ **उपभोक्ता समितिवाट हेभी मेशिनको उपयोग**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १३(क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाइ कालो सूचीमा राख्न सार्वजनिक

खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्नुपर्ने व्यवस्था छ ।तर यस पालिकाले उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितिसँग सम्झौता भएका योजना हेभी मेशिनरी प्रयोग गरी तथा प्रतिस्पर्धात्मक तवरवाट गुणस्तरियता समेतमा ध्यान दिनुपर्ने सडक निर्माण, ट्रायक खोल्ने कार्य, सडक मर्मत स्तरोन्नति लगायतको कार्यमा समेत उपभोक्ता समितिवाट सम्झौता गराइ सम्पन्न गरेको देखियो । खरिद नियमावलीको नियम ९७(९) अनुसार उपभोक्ता समितिवाट हेभी इक्युपमेन्ट प्रयोग गर्नुपर्ने भए सम्बन्धित प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्नमिल्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिमार्फत कार्य गर्दा हेभी इक्युपमेन्ट प्रयोगको लागि अनुरोध नगरेको तथा सम्बन्धित प्राविधिकवाट समेत सिफारिस गरेको देखिएन ।नमुना छनौट गरी परीक्षण गरिएकोमा सामाग्री खरिदको विल तथा मेशिनले खन्ने कार्य गरेको देखिने निर्माण व्यवसायीको विल संलग्न गरिएको, उपभोक्तको श्रमदानको अंश अत्यन्त न्युन रहेको तथा उपभोक्ता समितिवाट हेभी मेशिनको सम्झौता गरी खरिद कार्य गरेको नियमसम्मत नदेखिएको रू.

मिति	भौ नं	योजनाकोनाम	बडा नं	लागत अनुमान	कार्यसम्पन्न रकम	हेभी इक्युपमेन्टको विल	भुक्तानी रकम	निर्माण व्यवसायी	पान नं	कार्य
०९/१२/२०८१	६५	वडा न ११ का विभिन्न स्थानहरुमा पहिरो तथा खाल्टा खुल्टी पुर्ने तथा बाटो सोरसार कार्य	११	३१५५९६	३१४९०२	३१९२५५	२८५०००	श्री सिद्दवावा सप्लायर्स	६०४०१४४७८	मोटरवाट सोरसार तथा सफाइ
०९/२८/२०८१	७६	वडा न ११तिन लाकुरी सेनबेसी पातिखर्के बाहुनडाडा काभ्रे मो बा निर्माण	११	३१७०९८	३१७४४१	२८५३२५	२९२५००	श्री सिद्दवावा सप्लायर्स	६०४०१४४७८	मोटरवाट निर्माण
१०/१५/२०८१	१०९	वडा न ७भित्रका मोटरबाटोहरु मर्मत	७	१३७९२७	१३८९१३	१६२००७	१२७४३५	आर एरेम्मि कन्सट्रक्सन प्रालि	६१०४४११६९	वाटो मर्मत सरसफा
१०/२८/२०८१	१२८	वडा न ८ सिस्नेडाँडा चरचरे मो बा एव ठाडो भञ्ज्याङ्ग मो बा निर्माण कार्य	८	५२९४८६	५२८००३	५३११००	४८६१६९	जाइलम कन्सट्रकसन एण्ड सप्लायर्स	६१००९८९३८	बाटो ख कार्य
०८२/०१/१६	२७२	वडा न ११ चण्डिस्थान देखी काभ्रे बोलकुवा खानेपानी ट्की जाने मो बा निर्माण कार्य	११	२६३९४४	२६३५२१	२३८४३०	२४३६३८	श्री सिद्दवावा सप्लायर्स	६०४०१४४७८	मोटरवाट निर्माण
०२/११/२०८२	३२६	वडा न १२जमुनाको रुख देखी नर्सरी बन जाने मो बा	१२	२१२५०९	२०१८८७	१४२०९७	१८५५०३	खनालइन्फ्रा प्रालि	६१०२९३६२७	बाटो ख कार्य
०३/०८/२०८२	४२०	मर्मतसम्भार	१	३९७६०१	३९७६०१	३८००१०	३६५६२५	साथीभाइ	६१४१७४८५	सरसफा

								सप्लायर्स		कार्य
०३/२२/२०८२	५४६	वडा न१४ कुसेनी अधुरो गोरेटो बाटो निर्माण कुलो मर्मत तथा कुस्नेनी कृषि सडक स्तरोन्नती	१४	५२८००१	३६१०६९	३८७९५१	३३७३२४	तिलस्समी कन्सट्रक्सन प्राली	६१०२१३७७१	माटो काट्ने चट्टान काट्ने
							२३२३१९४			

अनियमित भएको	२३,२३,१९४

२४ **बढी भुक्तानी**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नम्स सम्बन्धी व्यबस्था रहको छ। पालिकाले उपभोक्ता समितिवाट संचालन भएका योजनाहरुमा लागत अनुमान तयारी गर्दा वालुवाको दर प्रति घन मिटर ३४००(क्रसरको धोएको वालुवा) राखेको देखियो । जिल्ला दररेटमा सुख्खा तथा खस्रो वालुवाको प्रति घन मिटर दर रु १७०० रहेकोमा उपभोक्ता समितिले पेश गरेको विल भरपाइ तथा श्रेस्ता फरफारकको विवरणमा क्रसरको खरिद विल संलग्न नभएको तथा भरपाइ समेत संलग्न गरी भुक्तानी दिएको देखिएकोले लागत अनुमानमा समावेश भएको स्पेशिफिकेशन अनुसारको सामाग्री खरिद भएको भनि विश्वस्त हुने आधार देखिँदैन। नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको योजनाहरुमा आधिकारीक विल संलग्न नभइ भरपाइ लगायतको कागजात संलग्न गरिएको देखिएकोले दर विश्लेषण अनुसार कार्य भएको देखिएन। तसर्थ बढी भुक्तानी भएको देखिएको रकम असुल गर्नुपर्ने रु

मिति	भौ नं	योजनाको नाम	वडा	पिसिसि परिमाण	बालुवाको परिमाण	वढी दर रु	रकम रु	कैफियत
०७/०९/२०८१	१९	वडा न ०४ जात्रापर्वको लागी तानसेन बजार क्षेत्र मर्मत	४	२७.१०	११.९२	१७००.००	२०२७०.८०	भरपाइ संलग्न
०७/१२/२०८१	२१	वडा न १० वडा कार्यालय गणशाल मो बाटो	१०	७८.५९	३४.५८	१७००.००	५८७८५.३२	भरपाइ संलग्न
०८/१३/२०८१	३२	वडा न १० गणशाल बोहरापोखरा मो बा र बयरघारी खरखरेडाडा मो बा स्तरउन्नती	१०	१२.७६	५.६१	१७००.००	९५४४.४८	भरपाइ संलग्न
०३/२३/२०८२	५७०	वडा न १ध्रुवघाट मेनरोड देखी सिलोम बालगृहसम्मको सडक स्तरोन्नती कार्य	१	५९.४६	२६.१६	१७००.००	४४४७६.०८	भरपाइसंलग्न
०३/२३/२०८२	५६२	वडा न ७ कार्यालयबाट सुर्यकुण्ड कमलपोखरी हुदै सरस्वती मा वि सम्म बाटो स्तरोन्नती तथानाली निर्माण कार्य	७	९७.०८	४२.७२	१७००.००	७२६१५.८४	भरपाइ संलग्न
०३/२४/२०८२	६०८	वडा न २ मेहलधारा जीपस्टेशन देखि ता न पा १ निस्कने बाटो ढल वाल निर्माण कार्य	२	३६.९२	१६.२४	१७००.००	२७६१६.१६	भरपाइ संलग्न
							२३३३०८.६८	

असुल गर्नुपर्ने	२,३३,३०८.६८

२५ **उपभोक्ता समितिको न्यून योगदान**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्य वा सेवाको काम दिँदा उपनियम (३) को खण्ड (ख) बमोजिमको लागत अनुमानमा रहेको मूल्य अभिवृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागिताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ। पालिकाले २०८१।०८२ मा संचालन गरिने सबै योजनाहरुमा उपभोक्ताको १० प्रतिशत लागत सहभागिता गराउने निर्णय गरेको छ । नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको योजनाहरुको भुक्तानीमा उपभोक्ता समितिहरुलाई आनुपातिक रुपमा वढी भुक्तानी दिएको देखिएकोले असुल गरी दाखिला गर्नुपर्ने देखिएको रु

शीर्षक	मिति	भौन	योजनाको नाम	वडानं	लागत अनुमान	पालिका योगदान	उपभोक्ता समितिको योगदान	कार्यसम्पन्न	भुक्तानी गर्नुपर्ने रकम	भुक्तानी गरेको रकम	वढी भुक्तानी रकम
पालिका पुँजीगत	०७/२७/२०८१	२५	वडा न ०५ रानीमहल जाने बाटो देखि नया बस्ती सम्मको बाटो	५	२११६२०	१९००००	२१६२९	२११८१८	१९०१७८	१९५०००	४८२२
पालिका पुँजीगत	१०/०३/२०८१	८८	वडा न ७ देबकोटा चोक देखी चापचौर हुदै रक्साह जोडने मो बा कृषि सडक स्तरउन्नती	७	२११४३३	१९००००	२१४३३	२११७०३	१९०२४३	१९५०००	४७५७
नगरस्तरीय बिशेष कार्यक्रम	०३/२२/२०८२	१३२	वडा न १४ बद्रीनारायण मन्दिर माथी चेकड्याम मर्मत कार्य	१४	९४५४८८	८५५०००	९०४८८	८५८०६७	७७२२६०	७७५९४५	३६८५
											१३२६

असुल गर्नुपर्ने	१३,२६४

२६ **संघीय पुँजीगत शीर्षकवाट मर्मत सम्भार कोषकट्टी**

पालिकाले संघीय सरकारवाट हस्तान्तरित कार्यक्रमवाट निर्माण कार्यको लागत अनुमान तयार गर्दा उपभोक्ता समितिवाट खर्च लेखेको योजनाहरुमा लागत अनुमान तयारीको बखत मर्मत सम्भार कोषवापत २.५ प्रतिशत कट्टी गरी योजनाबाट खर्च लेख्ने तथा मर्मत सम्भार कोषमा दाखिला गर्ने गरेको देखियो । उक्त रकम आर्थिक वर्षको अन्तसम्म सम्वन्धित योजनाको मर्मत सम्भारमा प्रयोग भएको देखिएन। नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको योजनामा मर्मत सम्भार कट्टी गरेकोले संघीय वेरुजु खातामा दाखिला गर्नुपर्ने देखिएको रू.

मिति	गो भौ नं	योजनाको नाम	मर्मत सम्भार कट्टी रकम रु
०८१।१२।२१	४२	ध्रुवाघाट सरस्वती मार्ग सडक नाली स्तरोन्नति	७५०००
०२/२७/२०८२	७४	वडा न ९ अम्लेहान दमैडाँडा तिलाहार बोखर मो बा स्तरोन्नती	५००००
०३/१२/२०८२	९२	वडा न ९ कमलेश्वर मन्दिर परिसर पूर्वाधार निर्माण कार्य	१२५०००
०३/१८/२०८२	१०८	पाल्पा जिल्ला तानसेन वडा न १ मा कर्भडहल निर्माण कार्य	७५०००
जम्मा			३२५०००

असुल गर्नुपर्ने	३,२५,०००

२७ **क्रमागत योजना अभिलेख र कार्यान्वयन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले समयमै योजना सम्झौता गरी सम्पन्न गर्नुपर्दछ । पालिकाले यस आ.ब अन्तर्गत योजना छनौट गरी समयमै सम्झौता तथा सम्पन्न गर्नुपर्नेमा आ.व २०८१।०८२ मा छनौट गरिएका योजना कति सम्पन्न भए, कतिको रनिङ बिल मात्र भुक्तानी भए , अद्यावधिक कार्य कति छ सो को अभिलेख राखेको छैन । पालिकाले वडा भवन मर्मत/भवन निर्माण, सडक निर्माण , सिचाइ लगायतका योजनाहरु एकैपल्ट नगरी क्रमागत रुपमा गर्ने भएकोले सम्बन्धित आर्थिक बर्षसम्म कुन अबस्थासम्म कार्य भयो सो को अभिलेख नराख्नाले आगामी वर्षहरुमा पुन क्रमागत बजेटमार्फत योजना बनाउँदा पहिले भुक्तानी भएका परिमाण दोहोरिन सक्ने सम्भावना देखिन्छ । परिमाण सहितको क्रमागत योजनागत अभिलेख नराखिँदा दोहोरो भुक्तानी हुने, बढी परिमाणको ओभरल्याप भुक्तानी हुने जोखिम हुनसक्ने देखिन्छ । पालिकाले तर्जुमा गरेको योजना कार्यान्वयन , सम्झौता तथा कार्यान्वयन नभएका योजना, भुक्तानी गर्न बाँकी रनिङ बिल लगायतको विवरण अद्यावधिक राखी तथा यकीन गरी अभिलेख व्यबस्थापन गर्नुपर्दछ ।

२८ **योजनाहरुको सम्झौता तथा कार्यान्वयन**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ग) मा वडा अध्यक्षको काम, कर्तव्य र अधिकार सम्वन्धमा व्यवस्था रहेको छ । जसअनुसार वडाअध्यक्षको कार्यविवरणमा वडा समितिको अध्यक्ष भई कार्य गर्ने, वडा समितिका सदस्यहरूको काममा समन्वय र सहजीकरण गर्ने, वडाको विकास योजना, बजेट तथा कार्यक्रम तयार गर्ने, गर्न लगाउने तथा स्वीकृतिका लागि गाउँपालिका वा नगरपालिकामा पेश गर्ने, वडाबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने, सोको अनुगमन तथा आवधिक समीक्षा गर्ने, गराउने लगायतको ७ प्रकारका कार्यहरु उल्लेख छ । पालिकाले योजनाको भुक्तानी गर्दा संलग्न श्रेस्ता अनुसार बडा स्तरको ५ लाख भन्दा मुनिको योजना वडा अध्यक्षवाट सम्झौता गरिएको देखियो । वडा अध्यक्षको कार्यविवरण अनुसार योजना अनुगमन तथा निरीक्षण गर्नुपर्नेमा योजना सम्झौता समेत वडा अध्यक्षवाट भएको देखियो । योजना अनुगमन तथा सम्झौतामा एकै व्यक्तिको संलग्नता हुने र अनुगमन तथा भुक्तानी सिफारिस समेत हुनुले check and balance कायम हुने समेत देखिदैन ।

बडा नं	योजना संख्या	विनियोजन रु हजारमा	रकम रु हजारमा
१	२६	६१६७	२२३७
२	१५	४१००	३७१६
३	१८	४७०९	४३८४
४	९	२४२९	२२३४
५	२९	५०७५	४८१०
६	२०	४४३१	४३०४
७	२८	५२३०	५०८८
८	२३	५९९१	५३३५
९	२३	४६५०	४४०४
१०	३२	६१८१	६००२
११	१६	४१९०	४०६७
१२	३३	६२४५	५९७९
१३	२३	५२४५	४६१२
१४	२१	५६५०	५२१९
	३१६	७०२९३	६२३९१

उपरोक्त विवरण अनुसार १४ वटा बडाहरुको ५ लाखभन्दा न्युन वजेटको ३१६ बटा योजनामा विनियोजित बजेट रु ७ करोड २ लाख ९३ हजारको कार्यालय प्रमुखवाट नभइ वडा अध्यक्षवाट भएको सम्झौता अनुसारको भुक्तानी रु ६ करोड २३लाख १९ हजार भुक्तानी नियमसम्मत देखिंदैन। यस सम्बन्धमा पालिकाले ध्यान दिई योजनाहरुको सम्झौता नियमानुसार गराई स्थानीय सरकार संचालन ऐनको परिपालनमा ध्यान दिनुपर्ने देखिन्छ।

२९ **बिल भरपाई तथा खर्चको पुष्ट्याईं**

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले निम्नानुसार शीर्षकमा पुष्ट्याईं संलग्न नगरी खर्च लेखेकोले प्रमाणकागजात पेश हुनुपर्ने रू.

	मिति	भौ न	कार्यक्रम	खर्चरकम	कैफियत
पुजीगत	१०/२३/२०८१	१२२	वडा न ११खानेपानी तथा सिचाइ पाइप तथा ग्याबिन जाली खरिद	५५१४२९	सामाग्री विभिन्न व्यक्तिलाइ वितरण गरेकोमाजडान तथा कार्यसम्पन्न नभएको
पुजीगत	०३/१८/२०८२	४९०	दमकल आयातकार्यको लागी भोलेन्टीयर्स कोपर्सलाइ भुक्तानी	५०००००	रकम निकासामात्र दिएको , विल भरपाइ तथा प्रमाण संलग्न नभएको
पुजीगत	०३/२२/२०८२	५३६	वडा न १२बिरपोखरा आमडाँडा अवल सिचाइ तथा खानेपानी पाइप खरिद	१३९१८०	खरिद वापतको रकम गणेश सप्लयार्स एण्डट्रेडर्सलाइ भुक्तानी गरिएकोमा उपयोग र कार्यसम्पन्न नभएको
नगरस्तरीय बिषयगत कार्यक्रम	०३/२४/२०८२	१४०	तानसेन खानेपानी उपभोक्ता समिति अनुदान	१३२५२९२	तानसेनखानेपानी उपभोक्ता समितिलाइ भरपाइ गरि उपलव्ध गराएकोमा मुल जिन्सी आम्दानीनगरेको तथा उपयोगको प्रमाण समेत नभएको
	०३/२०/२०८२	५१५	वडा न ५ मा ओपन जिम	२९२०००	खरिदआदेश लगायत संलग्न गरेको नदेखिएको, मुल जिन्सी आम्दानी नगरेको खरिदआदेश लगायत संलग्न गरेको नदेखिएको, मुल जिन्सी आम्दानी नगरेको
				२८०७९०१	

प्रमाण पेश नगरेको	२८,०७,९०१

३० **मुल जिन्सी आम्दानी नभएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयको मिति २०७७।४।१ को निर्णयवमोजिम PAMS को अनिवार्य प्रयोग गर्नुपर्ने व्यवस्था छ। सो अनुसार पालिकावाट खरिद व्यवस्थापन भएका सवै सामाग्रीहरु मुल जिन्सी आम्दानी वाँध्नुपर्नेमा नमुना छनौट गरि परीक्षण गर्दा वडावाट खरिद भएका केहि जिन्सी सामाग्रीहरु सो अनुरुप दाखिला भएको देखिएन। यसरी मुल जिन्सीमा आम्दानी नवाँधेको , म्यानुअल जिन्सी दाखिला प्रतिवेदन संलग्न गरेको तथा PAMS मा दाखिला नगरी खर्च लेखेको नियमसम्मत नदेखिएको रु

मिति	भौन	योजनाकोनाम	भुक्तानीरकम	कैफियत
०८१/१२/१९	२१५	टोलवस्तिमा सडक बत्ती व्यवस्थापन	५००००	मुल जिन्सीआम्दानी नभएको साथै जिन्सी दाखिला समेत नभएको
०२/२०/२०८२	३५३	वडा न ४ कासम्पुर्ण वडाहरुमा सडक बत्ती	१८२०३०	,,
२०८२/०२/२९	३७९	बडा नं ३सडक बत्ती व्यवस्थापन	१०१७८५	,,
०३/०४/२०८२	४०५	वडाभित्रका विधुत तार पोल सोलार व्यवस्थापन	१९६१६४	,,
०३/१३/२०८२	४५०	ता.न.पा—३मा सडक बत्ती व्यवस्थापन तथा रुख कटानी छटानी	१८२९७९	,,
०३/१७/२०८२	४८६	मर्मतसम्भारवाट वल्वलगायतको सामाग्री खरिद वडा न ५	१०७०८३	,,
०३/२२/२०८२	५३२	बडा भरिकोवत्ती खरिद तथा व्यवस्थापन	२४९९८०	,,
०३/२२/२०८२	५४१	विपद व्यवस्थापनका लागि ग्याबिन जाली खरिद शिर्षकवाट वडा न ११ वडा कार्यालयका लागि प्लाष्टिक कुर्सी खरिद	३३३५०	,,
०३/२४/२०८२	६२०	कन्टिन्जेन्सी खर्च भुक्तानी २८१७२	१६८७२	वडा नं १वाट ११ प्रकारका कार्यालय समाग्री खरिद भएकोमा मुल जिन्सी आम्दानी नभएको
			११२०२४३	

अनियमित भएको	११,२०,२४३

३१ लागत अनुमान तथा दर विश्लेषण

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० को उपनियम (१) मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधीनमा रही तयार गर्नु पर्ने व्यवस्था रहेको र उपनियम २ मा उक्त लागत अनुमान तयार गर्दा प्रयोग गरिने नर्म्स सम्बन्धी व्यबस्था रहको छ । पालिकाले सञ्चालन भएका योजनाहरुको लागि आफ्नै छुट्टै नर्म्स भएको नदेखिएको र लेखापरीक्षणको क्रममा आर्थिक वर्ष २०८१।८२ फरक फरक नर्म्स प्रयोग भएको देखिएको छ। सडक, भवन लगायतको संरचना निर्माणको लागि सम्बन्धित कार्यमा सम्बन्धित निकायको बैज्ञानिक नर्म्स प्रयोग गर्नुपर्ने तथा स्थानीय स्रोत साधन, श्रमशक्ति तथा निर्माण सामाग्रीको उपलब्धता समेत बिश्लेषण गरी किफायती, बैज्ञानिक तथा गुणस्तरीयता समेत कायम हुने नम्स प्रयोग गर्नुपर्दछ ।

३२ स्थलगत निरीक्षण तथा योजनाहरुको अनुगमन

पालिकाले यसवर्ष ग्राभेल, पुर्वाधार निर्माण लगायतको योजनाहरुको भुक्तानी गरेको छ । यसरी भुक्तानी गरिएका योजनाहरुको अनुगमन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १६ को (ख) को उपदफा ४ (ख) बमोजिम उपाध्यक्षवाट योजना अनुगमन गर्ने तथा ७८(३) अनुसार पालिका प्रमुख र जिल्ला समन्वय समितिका प्रमुखले वा उक्त पदाधिकारीहरुले तोकेको अधिकारीले आन्तरिक नियन्त्रण ब्यबस्था प्रभाबकारी पार्ने व्यवस्था छ ।

• स्थानीय तहवाट निर्माण र सम्पादन हुने कार्यमा स्थलगत रुपमा स्थानीय तहको उपप्रमुख/उपाध्यक्ष संयोजक रहेको अनुगमन/मूल्याकन समितिले अनुगमन गरी जाँचपास गरी भुक्तानी प्रकृया अपनाउनु पर्नेमा वडा स्तरिय योजनाहरुमा वडा अनुगमन समितिको फर्म्याट राखि दस्तखत गरिएको तथा पालिका स्तरिय योजनाहरुको अनुगमन प्रतिवेदनमा उपप्रमुख तथा पदाधिकारिले दस्तखत गर्ने गरेको श्रेस्ता परीक्षणवाट देखियो । वडा स्तरिय अनुगमन फारममा सम्झौता मिति, सम्पन्न गर्नुपर्ने मिति, लगायतको विवरणहरु अनुगमन फारममा भर्ने गरेको र केहि योजनाहरुमा उक्त विवरणहरु उल्लेख भएता पनि केवल नाम तथा दस्तखत मात्र संलग्न भएको तथा केही योजनाहरुमा नतिजासुचक सहितको अनुगमन फारम नभरेको देखियो ।

• कानुनबमोजिम अनुगमन समिति गठन गरी अनुगमन प्रतिवेदन साथ योजनाहरुको पुष्टयाई गर्ने तस्वीर, योजना अनुगमन गरेको मिति,

अनुगमनका क्रममा देखिने त्रुटी औल्याई गर्नुपर्ने सुधार सहितको टिप्पणी लगायतको कुराहरु उल्लेख गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाएर मात्र भुक्तानीको व्यवस्था मिलाई कानूनी परिपालना गर्नुपर्ने देखिन्छ।

पालिका स्तरबाट हुने सम्पूर्ण पुर्वाधारका योजना, तालिम कार्यक्रम , वितरणमुखी कार्यक्रम तथा क्षमता विकास कार्यक्रमहरुको समेत अनुगमन तथा निरीक्षण गरी श्रोत साधनको सदुपयोग सम्बन्धमा विश्लेषण गर्नुपर्दछ । ऐन कानूनले व्यवस्था गरेअनुसार कामको गुणस्तर कायम भए नभएको सम्बन्धमा प्राविधिक एवं अनुगमन कार्यलाई जिम्मेवार बनाई निर्माण तथा अन्य कार्यको गुणस्तर कायम हुनुपर्दछ ।

३३ न्यून बजेट विनियोजन गरी योजनाहरु अधुरो हुन गएको

पालिकाले यस वर्ष बजेट विनियोजन गरी खर्च लेख्दा अधिकांश योजनाहरू अपुरो हुने गरी बजेट विनियोजन गरेको छ। खरिद तथा निर्माण आवश्यक्ता समेतको पहिचान गरी कार्य सम्पन्न हुने गरी बजेट विनियोजन नगर्नाले प्रत्येक वर्ष बजेट विनियोजनको सुनिश्चितता नहुने, थप कार्य गराउँदा नापी किताब लगायतको अभिलेख व्यवस्थित नभई लागत अनुमान तयार गर्न र पुष्ट्याई गर्न समस्या हुने, गुणस्तरीयता समेत कमजोर हुने समस्या देखिन सक्ने हुन्छ । तसर्थ पर्याप्त बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न हुने गरी कार्य गर्नुपर्ने देखिएको छ। पालिकाले यस वर्ष संचालन गरेका अधिकाँश योजनाहरुमा पर्याप्त बजेट नछुट्याई न्युनतम ५० हजार रुपैयासम्मको बजेट विनियोजन गरिएको तथा अधिकाँश वडास्तरको योजनाहरुमा १ देखि २ लाखसम्म विनियोजन गरेकोले केही कार्य मात्र भइ अधिकांश योजनाहरु अपुरो रहन गएको छ । वर्षेनी श्रोत सुनिश्चितताको अवस्था नहुनसक्ने हुनाले न्युन वजेट विनियोजन नगरी कार्यसम्पन्न हुने पद्दतीवाट बजेट विनियोजन र कार्यान्वियन हुनुपर्ने देखिन्छ ।

३४ कन्टिन्जेन्सी खर्चको अभिलेख

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानमा कन्टिजेन्सी खर्च समावेश गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयानुसार खर्च गर्दा पुँजीगत प्रकृतिको वर्कचार्ज स्टाफ तर्फ २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्च सम्बन्धि कार्यविधि तयार गरेको छैन । पालिकाबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट मर्मत सम्भारतर्फ २.५ तथा कन्टेन्जेन्सीतर्फ २.५ प्रतिशत कट्टा गर्ने गरेको देखिएतापनि सोको आयोजनागत कन्टिजेन्सी खर्चको अभिलेख तयार गरी राख्नुपर्नेमा सो राख्ने गरेको छैन ।

३५ गत विगतको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (२) मा कार्यालयले चालु आर्थिक वर्षको वजेटले नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने,सोही नियमावलीको नियम ३९ (१३) मा चालु वर्षको वजेटले नखामेको खर्च व्यहोर्नुपर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्वन्धित कार्यालयले विल भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरी महालेखापरीक्षकवाट स्विकृत ढाँचामा भुक्तानी दिन वाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालय वा आन्तरिक लेखापरीक्षकवाट स्विकृत गराई राख्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा निम्नानुसारको कारोवारमा गत आर्थिक वर्षको विल तथा प्रमाणकागजात संलग्न गरी भुक्तानी गरेको देखियो । पालिकाले बजेट तथा कार्यक्रममा समावेश गरेर भुक्तानी दिएको देखिएतापनि सम्बन्धित प्रयोजनको भुक्तानी सम्बन्धित आर्थिक वर्षमै गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

मिति	भौन	योजनाकोनाम	भुक्तानीरकम	विवरण
११/२२/२०८१	१६७	Supply and Delivery of fabricated iron parts for Beltarighat multi Span Truss Bridge	१८१०३८३	मिति२०८१।३।२४ को विल संलग्न
०१/११/२०८२	२६५	Preparation of muncipal master plan (mtmp) नगरपालिका सडक	३९७८७३	मिति२०८१।३।३० को विल संलग्न
			२२०८२५६	

३६ **पुँजीगत शिर्षकवाट विपद व्यवस्थापन खर्च**

महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४(दोश्रो परिमार्जन) अनुसार आर्थिक सहायता कार्यको लागि चालु शिर्षकमा वजेट विनियोजन गर्नुपर्ने पुजीँगत शिर्षकमा अन्तर्गत आकस्मिक विपद ब्यवस्थापन शिर्षकमा पालिकास्तरवाट रु ५५ लाख तथा वडा स्तरवाट रु ८५१००० समेत रु ६३५१००० बिनियोजन गरि ६१ पटक विभिन्न व्यक्तिहरुलाइ आर्थिक सहयोग, केहि योजनाहरुको भुक्तानी तथा कार्यक्रमवापत रु ६३१३०००/- खर्च भुक्तानी गरेको देखियो । व्यक्तिगत सहयोग, आगलागी उपचार खर्च, राहत, सामाग्री सहयोग लागयतमा खर्च गरेको तथा योजनाहरुको भुक्तानीमा आवश्यकता अनुसारको कार्य उल्लेख गरि भुक्तानी दिएको छ । आर्थिक सहायता तथा यस्तो प्रकारको खर्च उपलब्ध गराउंदा कानून तथा कार्यविधि तयार नगरी विभिन्न समयमा गरेको निर्णय अनुसार कार्य गरेको देखियो ।कार्यविधि, खर्च लेख्ने आधार तथा कानून समेतको व्यवस्था गरेर मात्र कार्य गर्नुपर्ने देखिन्छ।

३७ **सम्भावित प्याकेज तयार नपारेको**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने र नियमावली, २०६४ को नियम ८४ मा रू. १० लाख देखि रू.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष फर्निचर खरिद शिर्षकमा पालिका तथा वडा स्तरको वजेट रु ३० लाख ९९ हजार बिनियोजन गरेकोमा २६ लाख ५९ हजार खर्च लेखेको देखियो । खरिद योजना अनुसार सम्भावित प्याकेज समेत तयार गरी प्रतिस्पर्धात्मक खरिद व्यवस्थापनमा ध्यान दिनुपर्ने देखियो ।

बिनियोजित शीर्षक	स्तर	बजेट रकम हजारमा	खर्च हजारमा	कैफियत
पुँजीगत	पालिका	१४४७	११४४	बिभिन्न ७पटकको पटके खरिद
पुँजीगत	बडा नं २	२००	१९२	सोझै खरिद
पुँजीगत	बडा नं ३	१५०	१४६	सोझै खरिद
पुँजीगत	बडा न ४	१७५	१७४	सोझै खरिद
पुँजीगत	बडा नं ६	१००	९७	सोझै खरिद
पुँजीगत	बडा नं ६	१००	९७	सोझै खरिद
पुँजीगत	बडा नं ६	१००	९५	सोझै खरिद
चालु	बडा न ४	४००	४००	सोझै खरिद
नगरस्तरिय विशेष कार्यक्रम	वडा नं १२	४२७	३१४	सोझै खरिद
		३०९९	२६५९	

३८ **पाल्पा जिल्ला लाकोल आँखा अस्पताललाई स्तरउन्नतीका लागि औजार उपकरण (goods/NCB/02/081/082) :-**

पालिकाले आखा अस्पतालको स्तरोन्नती कार्यको लागि रु ५० लाख विनियोजन भएकोमा बायो मेट इन्टरनेशनल प्रालिलाई रु ३३,९०,०००/- भुक्तानी दिएकोमा देखिएको व्यहोराहरु देहाय अनुसार छः-

- लागत अनुमानको तयारी:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्ने, यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयारी गर्दा विभिन्न ३ वटा आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सो दरबाट औषत निकाली कायम हुन आउने दररेटको आधारमा रु ४९,७२,०००/- को लागत अनुमान तयार गरेको पाइयो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर लागत अनुमानको तयारी गर्दा मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ । यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

३९ **विल भरपाइ वेगर प्रोभिजन समको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार खर्चको विल भरपाइ तथा रितपुर्वक खर्च ध्यान दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले स्थानिय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गत विल भरपाइ संलग्न नगरी खर्च लेखेकोले असुल हुनुपर्ने रु

ठेन	भुक्तानी रकम
१६।०८१।०८२	३०००
२०।०८१।०८२	५०००
१९।०८१।०८२	५०००
	१३०००

असुल गर्नुपर्ने	१३,०००

४० **लागत अनुमान अनुसार नापी तथा कार्यसम्पन्न तयार नगरेको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ बमोजिम अन्तिम भुक्तानी दिँदा नापजाँच लगायतको प्रमाणकागजातहरु संलग्न गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले विभिन्न पटके मर्मत, सरसफाइ लगायतको एक्साभेटरको कार्य गर्दा लागत अनुमान तयार गरी खर्च दावी गरेकोमा केवल विलमात्र संलग्न गरी भुक्तानी दिएको देखियो । संचालित कार्यको कार्यसम्पन्न, नापी लगायतको स्पष्ट प्रमाण संलग्न गरि कार्य गर्नेतर्फ ध्यान दिनुपर्दछ।

मिति	भौन	खर्च शिर्षक	खर्च विवरण	रकम रु	कैफियत
०७/३०/२०८१	२९	विपद ब्यवस्थापन	नगरपालिकाको विभिन्न वडाहरुमा बाटो सफाइ वापत इन्धत खर्च लेखेको	२३२५४०	जेसिविले घण्टा अनुसारको कार्य गरेको भनि इन्धन खर्च दावि गरेकोमा नापी तथा कार्यसम्पन्न नभएको
०८/१८/२०८१	३५	मर्मत सम्भार	वडा न १२ लुहुङ्गमा पहिरो ब्यवस्थापन	३०३४०	..
१२/२८/२०८१	२३९	विपद ब्यवस्थापन	लुहुङ्ग डाडाकटेरी मो बा मर्मत	२३०५५	..
०२/०६/२०८२	३१२	विपद ब्यवस्थापन	वडा न १२ बाटो मर्मत	३०१७२	..
०३/०६/२०८२	४१५	मर्मत सम्भार	बिभिन्न वाटो मर्मत सम्भार	६७७३०	..
				३८३८३७	

४१ **(प्रदेश समपुरक)बागवानी कल्भर्ट हुदै रक्साह ढल व्यवस्थापन वडा न ४ ठेक्का नं ३।०८१।०८२**

४१.१ यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र कन्टिन्जेन्सी सहित रु ९९,९९,८४१/- को लागत अनुमान तयार गरी उनालोम इन्जनियरिङ कन्सल्टेन्सी प्रालिसँग रु ७२,१३,४५२/- मा २०८१।०८।१२ मा सम्झौता मितिले २०८२।०२।३० सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा देखिएको व्यहोरा देहाय अनुसार छ :-

१) सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८(१) मा (१) खरिद सम्झौतामा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकले खरिद सम्झौताको उल्लङ्घन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचार उल्लेख गर्नु पर्ने ब्यवस्था छ। निर्माण व्यवसायीले निर्माण कार्य पुरा नगरेमा सृजना हुने दायित्व सम्बन्धमा खरिद सम्झौताको शर्त GCC 72,73 ,74 मा उल्लेख गरेको देखियो । निर्माण व्यवसायीले कार्य सुरु नगरेपश्चात कार्यालयले पटक पटक ताकेता गरेको तथा सो पश्चात समेत निर्माण कार्य नगरेपश्चात कार्यपालिकाको मिति २०८२।०४।१५ को निर्णयअनुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र निर्माण व्यवसायीसँग भएको सम्झौता को दफा ७२ अनुसार ठेक्का अन्त्य गरी शर्त ७४ अनुसार ठेक्का तोडी कालोसूचीमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्न र सम्झौताको सर्त ७५ अनुसार उक्त कार्य गर्न र लागत अनुमान बमोजिमको रकम असुलउपर गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरेकोमा लेखापरीक्षणको क्रममा मिति २०८२।०४।२३ मा जमानत जफत गरी पालिकाको आन्तरिक खातामा दाखिला गरेको प्रमाण पेश भएको छ।

४१.२ कार्यपालिकाको मिति २०८२।०४।१५ को निर्णयअनुसार सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र निर्माण व्यवसायीसंग भएको सम्झौता को दफा ७२ अनुसार ठेक्का अन्त्य गरि शर्त ७४ अनुसार ठेक्का तोडी कालोसूचीमा राखी सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्न र सम्झौताको शर्त ७५ अनुसार उक्त कार्य गर्न र लागत अनुमान बमोजिमको रकम असुलउपर गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरेको देखिएकोमा नियमानुसार निर्णय कार्यान्वियन हुनपर्ने देखिन्छ ।

४२ **अन्य निकाय खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ अनुसार स्थानीय तहले आफ्नो कार्यक्षेत्र तथा अधिकार क्षेत्र अन्तर्गत मात्र सार्वजनिक श्रोत साधन उपयोग गर्नुपर्ने तथा दफा ७३ मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, प्रभावकारिता, कार्यदक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले छुट्टै अस्तित्व र स्वामित्व भएको सम्बन्धित तालुक निकायबाटै बजेट विनियोजन हुने संघीय कार्यालय तथा कार्यक्षेत्र अन्तर्गत नपरेको संस्थाको निर्माण लगायतको कार्य समेत योजनामा समावेश गरी वजेट तथा कार्यक्रम तयार गरेको देखियो ।तसर्थ स्थानीय सरकार संचालन ऐनको मर्म तथा भावनाअनुरुप कार्य नभएकोले देहाय बमोजिम भएको खर्च नियमसम्मत नदेखिएको रू.

शिर्षक	मिति	भौन	योजनाको नाम	वडा नं	लागत अनुमान	सम्झौता रकम	भुक्तानी रकम
पालिका पुँजीगत	०९/२९/२०८१	७७	वडा न १२चण्डिका बहुउदेश्यीय कृषि सहकारी भवन मर्मत	१२	१५९६९४	१६०५०३	१४६२५०
पालिका पुँजीगत	११/१८/२०८१	१५५	वडा न १२लुहुङ्ग दुग्ध सहकारी भवनमा भुइ ढलान तथा ट्रस निर्माण कार्य	१२	२११६६८	२११५१७	१९४८६४
पालिका पुँजीगत	०३/१५/२०८२	४७१	वडा न १२चिनारी दुग्ध सहकारीमा झयाल ढोका निर्माण कार्य	१२	१५८३३७	१५४४५४	१४२७५५
नगरस्तरीय पुँजीगत	०८२।०३।०३	८८	पाल्पा जिल्ला अदालतको शौचालय निर्माण	.	२६३६७०१	१३४२२७३	१३४१२३२
							१८२५१०१

अनियमित भएको	१८,२५,१०१

४३ **बचत रकमवाट स्वीकृत नभएको योजनामा खर्च**

नेपाल सरकार र वेलायत सरकारको सहकार्यमा स्थानीय पूर्वाधार सहयोग कार्यक्रमको लागि स्थानीय पूर्वाधार सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ को व्यवस्था रहेको छ। उक्त कार्यविधिको परिच्छेद ३ दफा नं ७ (१) बमोजिम स्थानीय तहले 'स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८' को प्रक्रियाबमोजिम आयोजनाको छनौट गरी आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गर्नुपर्ने, रणनीति तथा स्थानीय तहको परियोजना बैंकलाई आधार लिनु पर्ने, उपवुँदा (५)मा संघीय र प्रदेश सरकारबाट प्राप्त अनुदान, आन्तरिक राजस्व र अन्य अनुदान लगायतका श्रोतबाट पूर्वाधारजन्य आयोजनाहरूको लागि विनियोजन गरिएको रकम तथा यस कार्यक्रमबाट प्रत्येक आर्थिक वर्षमा विनियोजित सहलगानीको रकम समेतलाई आधार मानी पूर्वाधार रणनीति अनुसार एवं सहभागितामूलक योजना तर्जुमा प्रक्रिया मार्फत स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली अर्थात् (SUTRA) मा प्रविष्टि गर्नुपर्ने लगायतको व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा १९ मा स्विकृत बजेट र कार्यक्रमको कार्यान्वयन गर्नुपर्ने र नियमावली २०७७ को नियम ३३ र ३८ मा कार्यक्रम संसोधन र खर्चको व्यवस्था रहेको छ। स्थानीय पुर्वाधार सहयोग कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन पश्चात वाँकी रकमवाट संचालन कार्यविधि २०८१ को वुंदा नं ५ ख बमोजिम कार्यक्रम स्वीकृत नगराइ वृन्दा वन देखि प्रजातन्त्र हुदै १० नं वडा कार्यलय बालकन्या बाटो स्तरउन्नती (ठेक्का नं २६) को कार्यमा रु ४६४०००० खर्च लेखेको देखियो ।बचत रकमवाट थप योजना कार्यान्वयन गर्ने व्यवस्था कार्यविधिमा रहेको देखिंदैन। अत: कार्यविधिको व्यवस्था अनुरुप खर्च नगरी वचत रकमवाट थप योजनामा खर्च गरेको देखिएकोले नियमसम्मत नदेखिएको रु

अनियमित भएको	४६,४०,०००

४४ **ह्युम पाइप तथा ग्याविन बक्स खरिद (ठेन २३।०८१।०८२)** (६३८-2082-03-05):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८ मा जिन्सी मालसमान कार्यालयमा प्राप्त भएको सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने,आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ९५ मा कुनै प्रकारबाट कार्यालयमा प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसमान को विवरण र मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सातदिनभित्र आम्दानी बाँधी लगत अद्यावधिक गर्नुपर्ने उल्लेख छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।४।१ देखि सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ। ह्युम पाइप तथा ग्याविन बक्स खरिद कार्यको लागी पालिकाले रु २६,७४,०२०/ को लागत अनुमान तयार गरी हार्डवेयर नेपाल प्रालिसंग मिति २०८२।०२।१९ मा रु २०,७८,७२४/- को खरिद सम्झौता गरेकोमा मिति २०८२।०३।१३ को म्यानुअल दाखिला रिपोर्ट संलग्न गरेको देखियो । यसरी नियमकानूनमा व्यवस्था भए अनुसार PAMS मा जिन्सी दाखिला नगर्नाले आन्तरिक नियन्त्रण प्रणालि प्रभावकारी नहुने, दुरुपयोग समेत हुनसक्ने देखिन्छ। तसर्थ नियमानुसार जिन्सी दाखिला व्यवस्थित गरी उपयोगको प्रमाण समेत पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	२०,७८,७२४

४५ **(स्थानीय पुर्वाधार सहयोग कार्यक्रम) होलाङ्दी खोल्सा ढल निर्माण कार्य (ठे न २१।०८१।०८२)**

यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र कन्टिन्जेन्सी सहित रु ४०,००,५३१/- को लागत अनुमान तयार गरी अह्तेशाम कन्सट्रक्सन प्रा.लि टोखा काठमाडौसँग रु २९,६९,९४५/- को मिति २०८२।०१।१७ मा सम्झौता मिति अनुसार २०८२।०३।१० सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता गरेको देखियो ।

खरिद सम्झौताको कार्यान्वयन:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२८(१) मा खरिद सम्झौतामा आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता वा सेवा प्रदायकले खरिद सम्झौताको उल्लङ्घन गरेमा सार्वजनिक निकायलाई प्राप्त हुने उपचार उल्लेख गर्नु पर्ने ब्यवस्था छ। निर्माण व्यवसायीले निर्माण कार्य पुरा नगरेमा सृजना हुने दायित्व सम्बन्धमा खरिद सम्झौताको शर्त GCC 72,73 ,74 मा उल्लेख गरेको देखियो । निर्माण व्यवसायीले कार्य सुरु नगरेपश्चात कार्यालयले पटक पटक ताकेता गरेको तथा सो पश्चात समेत निर्माण कार्य नगरेकोले कार्यपालिकाको मिति २०८२।०४।१५ को निर्णयअनुसार सार्बजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४ र निर्माण ब्यबसायीसँग भएको सम्झौता को शर्त ७२ अनुसार ठेक्का अन्त्य गरी दफा ७४ अनुसार ठेक्का तोडी कालोसूचीमा राख सार्बजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्न र शर्त ७५ अनुसार उक्त कार्य गर्न लागत अनुमान बमोजिमको रकम असुलउपर गर्न प्रक्रिया अगाडि बढाउने निर्णय गरेको देखियो । सो अनुसार निर्माण व्यवसायीको कार्यसम्पादन जमानत रु २७९२७५ मिति २०८२।०४।३० दाखिला भएको कार्यालयले जनाएको छ। अन्य प्रकृया सार्वजनिक खरिद नियमकानुन बमोजिम हुनुपर्ने देखियो ।

४६ **निर्माण कार्यको न्युन प्रगति तथा पूर्व निर्धारित क्षतिपूर्ति**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा व्यवसायीको ढिलाईका कारणले सम्झौता अनुसारको काम समयमा हुन नसकेमा ०.०५ % प्रतिदिन पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले स्थानीय पुर्वाधार विकास कार्यक्रम अन्तर्गत ठेक्का व्यवस्थापन भएका निम्नानुसारको खरिद सम्झौता समयमा पुरा हुन नसकेको जनाई मिति २०८२।०४।१४ को कार्यपालिकाको निर्णय अनुसार क्षतिपूर्ति लगाइ कार्य सम्पन्न गर्ने निर्णय गरेको देखियो । अत:निर्धारित अबधिमा कार्य पुरा नगरी प्रगति हुन नसकेका योजनाहरुमा नियमानुसार क्षतिपूर्ति लगाइ तोकिएको समयभित्र कार्यसम्पन्न गर्नुपर्ने देखिएको रु

योजनाको नाम	ठेक्का नं	निर्माण व्यवसायी	सम्झौता मिति	सम्पन्न गर्नुपर्ने मिति	सम्झौता रकमक र वाहेक	कार्य भएको कर वाहेक	प्रगति प्रतिशत	पालिकाको क्षतिपूर्ति लगाउने निर्णय मिति	१०प्रतिशतले हुने क्षतिपूर्ति रकम
गुडियाचौर ढुंगेधारा सडक स्तरोन्नती	१८। ०८१। ०८२	स्वामी भैरव कालिका कन्सट्रक्सन	२०८२। ०१।१०	२०८२। ०३।१०	२९८३२९६	१८५५८७१	६२	२०८२।०४। १४	२९८३३०
मौवडाडा चिउदी मोटरवाटो स्तरोन्नती	१९। ०८१। ०८२	स्वामी भैरव कालिका कन्सट्रक्सन	२०८२। ०१।१०	२०८२। ०३।१०	२४९९७०६	१७४६१६८	७०	२०८२।०४। १४	२४९९७१
सिद्दार्थ राजमार्ग अन्तर्गत बृन्दावन देखि भगवतिस्कुलसम्म बाटो	२६। ०८१। ०८२	एस के रिव्दि कन्सट्रक्सन	२०८२। ०२।२९	२०८२। ०३।१५	४७०४३८६	३८४६२९५	८२	२०८२।०४। १४	४७०४३९
								जम्मा	१०१८७३९

प्रमाण पेश नगरेको	१०,१८,७३९

४७ **(संघीय सशर्त) ब्लड बैंक स्थापना (goods/ncb/01/081/082)** (९१-2082-03-12):

पालिकाले ब्लड बैंक स्थापनाको लागि रु ५० लाख विनियोजना भएकोमा अर्नव विजनेश एक्सप्लोर प्रालिसँग रु ३९,४४,९५०/- सम्झौता गरी भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएको व्यहोराहरु देहाय अनुसार छन:-

१) लागत अनुमानको तयारी:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ । कार्यालयले लागत अनुमान तयारी गर्दा विभिन्न ३ वटा आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सो दरबाट औषत निकाली कायम हुन आउने दररेटको आधारमा रु ४९,८७,५२२/- को लागत अनुमान तयार गरेको देखियो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर लागत अनुमानको तयारी गर्दा खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ । यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

२) खरिद सम्झौता :- पालिकाले रु ४९,८७,५२२/- को लागत अनुमान तयार गरी वोलपत्रको माध्यमवाट अर्नव विजनेश एक्सप्लोर प्रालिसँग रु ३८,९१,१६०/- मा खरिद सम्झौता गरेकोमा आपुर्ति भएका सामाग्रीहरुको Post Delivery Inspection को छुट्टै प्रतिवेदन राखेको देखिएन। परामर्शदातावाट सामाग्रीहरुको specification तयार गरेको देखिएतापनि Post Delivery Inspection Report को प्रतिवेदन तथा Technical requirements को आइटमवाइज Tally गरेको देखिएन। प्रतिवेदन व्यवस्थित राख्नेतर्फ ध्यान दिनपुर्दछ ।

३) संचालनमा नआएको:- सामाग्रीहरु खरिदपश्चात रेडक्रसलाई हस्तान्तरण गरिएको पालिकाले जनाएकोमा जनशक्ति तथा सामाग्री लगायत पुर्वाधारहरुको पर्याप्त व्यवस्था नभएको कारण ब्लड बैंक संचालनमा नआएको नगरपालिकावाट जानकारी प्राप्त भएको छ। कार्यान्वियनयोग्य योजना तथा कार्यक्रमहरु मात्र वजेटमा समावेश गरि सार्वजनिक श्रोतसाधनको सदुपयोग हुनुपर्ने देखिन्छ ।

४८ गतवर्ष संघीय सरकारको समपुरकमा रहेको योजना यसवर्ष म्याद थप गरी पालिका पुँजीगतवाट खर्च) पोलधारा आपटारी ओमपार्क सडक स्तरोन्नती कार्य (ठे.नं ११।०८०।०८१)

४८.१ (१८९-2081-12-04):

यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ८१,८७,३५२/- मा ओशिन निर्माण सेवा वुटवल १३ रुपन्देहीसँग मिति २०८०।९।२५ गते सम्झौता भएकोमा कायम म्याद अनुसार मिति २०८१।१।३० सम्म निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ ।निर्धारित अवधिमा निर्माण कार्य सम्पन्न नभएपश्चात मिति २०८१।३।१० को निर्णयअनुसार कार्यालयलाई थप व्ययभार नपर्ने गरी मिति २०८१।०३।१५ सम्म म्याद थप भएकोमा सो अवधिमा समेत कार्य पुरा नभएपश्चात मिति २०८१।०७।१३ मा सम्झौताको GCC 72.3 i अनुसार पुर्वनिर्धारित क्षतिपूर्ति लगाउने गरी म्याद थप गरि तेश्रो रनिङ विलको भुक्तानीमा पुर्वनिर्धारित क्षतिपूर्ति कट्टी गरी भुक्तानी गरेको देखियो ।

४८.२ घटी क्षतिपूर्ति असुली:- पालिकाले पुर्वनिर्धारित क्षतिपूर्ति कट्टी गर्दा कुल कार्यसम्पन्न रकम रु ६७,४८,४२४/- को १० प्रतिशत रु ६,७४,८४२/- कट्टी गरेको देखियो । खरिद सम्झौता अनुसार सम्झौता रकम रु ७२,४५,४४४/- को १० प्रतिशत क्षतिपूर्ति रु ७,२४,५४४/- कट्टी गर्नुपर्नेमा घटी रकम कट्टी गरेकोले नपुग रकम रु ४९,७०२/- असुल गर्नुपर्ने रु

असुल गर्नुपर्ने	४९,७०२

४८.३ संघीय बेरुजु दाखिला गर्नुपर्ने :- संघीय समपुरक अनुदानवाट खरिद सम्झौता गरिएकोमा कट्टी क्षतिपूर्ति रकमको ५० प्रतिशत संघीय वेरुजु खातामा दाखिला गर्नुपर्नेमा आन्तरिक खातामा दाखिला गरेको देखिएकोले क्षतिपूर्ति कट्टी गर्दा नपुग रकम समेतले हुने रकम रु

७,२४,५४४/- को ५० प्रतिशत रकम रु ३,६२,२७२/- संघीय सरकारको वेरुजु खातामा दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने देखिएको रु

असुल गर्नुपर्ने	३,६२,२७२

४८.४ बीमा तथा कार्यसम्पादन जमानतको म्याद:-निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार बीमा गर्नुपर्ने, ११० अनुसार कार्यसम्पादन जमानत पेश गर्नुपर्ने तथा सो को म्याद खरिद सम्झौताको GCC मा उल्लेख भए अनुसार त्रुटी सच्याउने अबधि सम्मको हुनुपर्ने उल्लेख भएकोमा पालिकाले कार्यस्वीकार गरेको मितिले १३ महिनासमम्म त्रुटी सच्याउने अबधि हुने हुँदा २०८२।१०।१५ सम्मको बीमा तथा कार्यसम्पादन जमानतको म्याद हुनुपर्नेमा २०८२।५।१३ सम्मको मात्र म्याद भएको देखिएकोले ठेक्का फरफारक गरी कार्यस्वीकार प्रतिबेदन जारी गर्दाको मितिवाट त्रुटी सच्याउने अबधिसम्मको कायम हुने प्रमाणकागजात संलग्न गर्नुपर्ने देखियो ।

४९ **(सशर्त पुँजीगत) डुम्रेखोला सुनडाँडा तेलगाहा गुफाचौर हुलाँङ्गी सडक (NP-DUDBC-403911-CW-RFB):-**

४९.१ यस कार्यको लागि पालिकाले मूल्य अभिबृद्धि कर तथा प्रोभिजनल सम समेत रु ४५,७६,८३,०८४/- मा बेदाँशी इन्फ्रास्ट्रक्चर प्रालिसँग खरिद सम्झौता गरिएकोमा देखिएको बेहोराहरु निम्नानुसार छन:-

४९.२ न्यून प्रगति:- निर्माण व्यवसायीसँग मिति २०८१ बैशाख ३० मा भएको खरिद सम्झौता अनुसार १३ महिनासम्म अर्थात २०८२।०२।३० सम्म सुरु म्याद कायम भएकोमा कार्यपालिकाको मिति २०८२।०३।१८ को निर्णयअनुसार मिति २०८२।०५।०६ सम्म म्याद थप गरेकोमा आर्थिक बर्ष २०८१।०८२ मा सातौं रनिङ विलसम्म अध्यावधिका कार्यको वित्तीय प्रगति रु ३३,३५,८८,२४५/- देखिन्छ।

४९.३ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ । निर्धारित अवधीमा कार्य पुरा हुन नसकेको जनाइ निर्माण व्यवसायीले म्याद थपको लागी निवेदन दिएकोमा पालिकाले सुरु सम्झौता अबधिमा ६७ दिन थप गरेकोमा लेखापरीक्षण अबधिसम्म ७२.८८ प्रतिशत मात्र प्रगति पुरा भएको तथा वर्क सेड्युल अनुसार कार्य सम्पन्न भएको देखिएन। मिति २०८२।०५।०६ पश्चात म्याद थप भएको नदेखिएको तथा खरिद सम्झौताको वखत म्याद कायम अनुसार कार्य भएको नदेखिएको तथा पटकपटक म्याद थप गर्दा समेत कार्य पुरा नभएकोले समयमै लाभग्राहीले योजनाको उद्दयेश्य अनुसार लाभ प्राप्त नगर्ने देखिन्छ । यस सम्बन्धमा जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिइ सार्वजनिक खरिद कानून बमोजिम कार्य गर्नुपर्ने देखियो ।

४९.४ प्रोभिजनल सम आइटमको विल भरपाइ संलग्न नभएको:- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार खर्चको विल भरपाई तथा रितपुर्वक खर्च ध्यान दिनुपर्ने व्यवस्था रहेको छ। पालिकाले यस निर्माण कार्यको भुक्तानी गर्दा निम्नानुसारको प्रोभिजनल आइटमको नापी तथा कार्यसम्पन्न संलग्न नगरी खर्च मात्र लेखेकोले उक्त खर्च पुष्ट्याइ गर्ने प्रमाणकागजात पेश हुनपर्ने अन्यथा असुल गर्नुपर्ने रु

भौ न	IPC	आइटम	रकम रु
५।०८१।०७।०८	1	Item no 2 electronic pole transfer street lightening etc	६३१९४५
५५।०८२।०१।१७	3	,,	१६२३४२०
०८५।०८२।०३।०६	7	,,	१६६५०००
		जम्मा रकम रु	३९२०३६५

प्रमाण पेश नगरेको	३९,२०,३६५

४९.५ घटी जिम्मेवारी सारेको :- निर्माण व्यवसायीलाइ भुक्तानी भएको चौथो विलवाट पाचौ रनिङ विलमा जिम्मेवारी सार्दा चौथो विल अनुसार १३,१४,२८,२७२/- अध्याबधिक कार्य हुनपर्नेमा पाचौ विलमा रु १३,१३,४३,९१४/- सारेको देखिएकोले घटि जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु

प्रमाण पेश नगरेको	८४,३५८

५० **(पालिका पुजीँगत) शितभण्डार निर्माण योजना बाघखोर वडा नं ७ (२।०७९।०७०)**

५०.१ यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र प्रोभिजनल सम समेत रु ४,८२,२०,५४८/- मा हुम्दुङ एण्ड थोकर जय रक्तकाली जेभी काठमाडौंसंग मिति २०६९।११।२३ गते सम्झौता भएकोमा सुरु सम्झौता मितिमा कायम अबधि अनुसार मिति २०७१।०२।१५ सम्म निर्माण कार्य सम्पन्न गर्नेगरी सम्झौता भएकोमा विभिन्न पटकको निर्णयले म्याद थप गरेकोमा लेखापरीक्षण अबिधसम्म निर्माण कार्य सम्पन्न भएको देखिएन। सो अन्तर्गत देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

५०.२ अभिलेख व्यवस्थापन:- अभिलेख संरक्षण ऐन २०४६ (संसोधन २०७५) को दफा ११ (क) मा प्रदेश तथा स्थानीय तहहरुले आफ्ना अभिलेख संरक्षण तथा व्यवस्थापन सम्बन्धमा आवश्यक व्यवस्था गर्ने, उपदफा (२) मा अभिलेखहरु संरक्षण तथा व्यवस्थापन सम्बन्धी व्यवस्था सम्बन्धित प्रदेश, स्थानीय तह कानुनमा व्यवस्था भएबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ। पालिकाले उक्त खरिद सम्झौतामा म्याद थपको तालिका, जमानत नविकरणको सुची, प्रगति विवरण , विगत पुरानो बर्षमा भएका भुक्तानीको स्पष्ट पार्ने कागजात लगायतको प्रमाणहरु स्पष्ट रुपमा राखेको देखिएन । जिम्मेवार पदाधिकारीले जिम्मेवारी लिइ स्पष्ट रुपमा राख्नुपर्नेतर्फ ध्यान दिनुपर्दछ।

५०.३ न्युन प्रगति:- कार्यालयवाट प्राप्त विवरण अनुसार मिति २०७४।१२।७ मा चौथो विल भुक्तानी गरेकोमा उक्त विलसम्म रु १,२८,८०,५००/- भुक्तानी गरेकोमा यस वर्ष पाचौ विलमार्फत रु १,६६,८२,७२९/- को मुल्याङ्कन गरेकोमा अध्याबधिक भुक्तानी रु २,९५,६३,३९०/- रहेको देखियो । उक्त रकममा पुर्वनिर्धारित क्षतिपुर्ति रु ४८,२२,०५५/- कट्टी गरी भुक्तानी गरेको देखियो । सुरु सम्झौता अनुसार १५ महिनामा निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा पटकपटक गरी १४० महिना म्याद थप गरेको देखियो । म्याद थप ९३३ प्रतिशत रहेकोमा लेखापरीक्षण अबधिसम्मको प्रगति ६१.३० प्रतिशत रहेको देखियो । म्याद थपका वखत बर्क सेड्युल पेश गरेकोमा उक्त सेड्युल अनिवार्य रुपमा पालना गराई खरिद कानुन बमोजिम कार्य गर्नुपर्ने देखिन्छ।

५०.४ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ । निर्धारित अवधीमा कार्य पुरा हुन नसकेको जनाइ निर्माण व्यवसायीले म्याद थपको लागी निवेदन दिएको जनाइ पटकपटक गरी कार्यालयले ९ पटक म्याद थप गरेको छ । अन्तिम पटकको म्याद थपको टिप्पणीसाथ पटक पटक म्याद थप गर्दा पनि सम्पन्न नभएकोले १२ औ संसोधन अनुसार म्याद थप गरिदिने निर्णय गरी कार्यालयले मिति २०८२ माघ मसान्तसम्म म्याद थप गरेको देखियो । म्याद थप गर्दाको बखत स्पष्ट प्राबिधिक कारण लगायतको विवरण संलग्न नगरी म्याद थप गरेको नियमसम्मत देखिंदैन ।

५०.५ लामो समयदेखि आयकर तथा मूअकर विवरण नवुझाएको:- मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १ मा भुक्तानीमा प्राप्त मुल्यवृद्धिको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गते भित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरणसहित दाखिला गर्नुपर्ने व्यवस्था छ ।निर्माण व्यवसायीलाइ पाचौ रनिङ विलवाट रु १४७६३,५३०/- भुक्तानी भएकोमा मूल्य अभिबृद्धि कर रु १९१९२५९ भुक्तानी भएको छ । उक्त रकमको ३० प्रतिशत आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको प्रमाण संलग्न भएको देखिएतापनि उक्त

निर्माण व्यवसायी २०७३।०७४ देखि आय विवरण नवुझाएको तथा २०७४।M।३ देखि मूअकर विवरण नवुझाएको तथा अघिल्लो विल भुक्तानीको लामो समयसम्म समेत ननफाइलर रहेको देखिएकोले ७० प्रतिशत मुअकरको कर समायोजन प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१३,४३,४८१

५०.६ विमा तथा कार्यसम्पादन जमानतको म्याद:-निर्माण व्यवसायीले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२ अनुसार विमा गर्नुपर्ने , ११० अनुसार कार्यसम्पादन जमानत पेश गर्नुपर्ने तथा सो को म्याद खरिद सम्झौताको GCC मा उल्लेख भए अनुसार त्रुटि सच्याउने अबधि सम्मको हुनुपर्ने उल्लेख भएकोमा पालिकाले कार्यस्वीकार गरेको मितिले १३ महिनासमम्म त्रुटि सच्याउने अबधि हुने हुँदा २०८३ फागुन मसान्त सम्मको विमा तथा कार्यसम्पादन जमानतको म्याद हुनुपर्ने देखिन्छ । प्राप्त विवरण अनुसार कार्यसम्पादन जमानतको म्याद २०८२।११।०४ सम्मको तथा विमाको म्याद २०८३।०२।१२ सम्म मात्र म्याद भएको देखिएकोले त्रुटि सच्याउने अबधिसम्मको कायम हुने प्रमाणकागजात संलग्न गर्नुपर्ने देखियो ।

५०.७ पेश्की फछ्र्यौट नभएको :- कार्यालयले यस निर्माण कार्यको पेश्की विवरण तयार गरेको देखिएन। कार्यालयबाट प्राप्त विवरण अनुसार तथा सुत्रमा जिम्मेवारी सारे अनुसार रु ८५,३४,६१० पेश्की बाँकी रहेको देखिएकोमा यस वर्ष भुक्तानी भएको ५ औ रनिङविलबाट रु २०,००,०००/- कट्टी गरि रु ६५,३४,६१०/- बाँकी रहेको देखिन्छ ।निर्माण व्यवसायीसंग भएको सम्झौताको General Conditions of Contract (GCC) 49.3 मा ८० प्रतिशत कार्य सम्पन्न हुँदा पेश्की फछ्र्यौट भैसक्नुपर्ने उल्लेख भएकोले सम्झौता अनुसार समानुपातिक रुपमा पेश्की फछ्यौट हुनुपर्दछ ।

५१ (नगरपालिका पुजीँगत) वनदेवी वसपार्क योजना (ठे.नं०९।०७९।०८०)

५१.१ (४८४-2082-03-17):

यस निर्माण कार्यको लागि मूल्य अभिबृद्धि कर र प्रोभिजनल आइटम समेत रु १८,१३,१८,१०७/- मा स्वयंभु/रेड अर्थ/हमाल जेभी सँग मिति २०८०।०१।०७ मा खरिद सम्झौता भएकोमा कायम अबधि अनुसार मिति २०८१।०९।०६ सम्ममा निर्माण कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ । गत आर्थिक वर्षसम्म रु २,१२,२१,५५५/- भुक्तानी भएकोमा यस आर्थिक वर्षमा ५ देखि ८ औ रनिङ विलसम्म भुक्तानी भएकोमा देखिएका व्यहोराहरु देहाय अनुसार रहेका छन:-

५१.२ म्याद थप:- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० (१) मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पूरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायी, आपूर्तिकर्ता, सेवा प्रदायक वा परामर्शदाताले कारण खुलाई खरिद सम्झोताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनु ब्यवस्था छ । निर्धारित अवधीमा कार्य पुरा हुन नसकेको जनाई निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन दिएको देखिएकोमा Building position मा परिवर्तन,Slope cutting मा परिवर्तन, Rewall replacement लगायतको कारणवाट समयमा कायम गर्न नसकेको जनाई कार्यपालिकाको मिति २०८१।०९।२३ को निर्णयअनुसार २०८२।०७।३० सम्म म्याद थप गरेको देखियो । म्याद थपका बखत बर्क सेड्युल पेश गरेकोमा २०८२ बैसाख सम्म ७ आइटमको विल अफ क्वान्टिटिज मध्ये जेनेरल वर्क, पेमभेन्ट वर्क तथा केहि विविध कार्य २०८२ कार्तिकसम्म सम्पन्न गर्ने उल्लेख गरेकोमा लेखापरीक्षण अबधिसमम्म मुल्य अभिबृद्धि कर समेत रु ७,८८,०१,९५७/- भुक्तानी भएको देखियो । सम्झौताको अंकसँग तुलना गर्दा निर्माण कार्यमा हालसम्म ४३.४६ प्रतिशत मात्र वित्तीय प्रगति भएको देखियो । निर्माण व्यवसायीको भौतिक प्रगति प्रतिबेदन कार्यालयले तयार गरेको देखिँदैन। सुरु म्यादमा १० महिना अर्थात ५५ प्रतिशत म्याद थप गर्दा तथा म्याद थपको ७० प्रतिशत अबधि ब्यतित भैसक्दा समेत निर्माण कार्यमा उल्लेख्य प्रगति भएको देखिएन। म्याद थप गर्दा पेश गरेको वर्क सेड्युल पालना गर्न लगाई सो अनुसार निर्धारित अवधिभित्रै कार्य सम्पन्न गर्नुपर्ने देखिन्छ।

५१.३

गुरुयोजनामा परिवर्तन:- निर्माण कार्यको लागि गुरुयोजना तयार गरि खरिद सम्झौता मार्फत निर्माण ब्यवसायीलाइ पालिकाले साइट उपलव्ध गराएकोमा निर्माणस्थलमा प्रयोग भएको RE WALL निर्माण गर्ने क्रममा उक्त RE wall को केहि भागले बन क्षेत्रमा असर पर्ने र उक्त स्थानमा परेको रुख निर्माणस्थलबाट हटाउन स्वीकृति प्रदान नभएको र निर्माणका क्रममा भौगोलीक कठिनाई समेत परेको हुनाले साबिकको गुरुयोजना (Master Plan) मा केहि हेरफेर गर्नु परेको र आयोजनाको कन्सल्टेन्टले Revise Master Plan तयार गरि मिति २०८१/५/२४ गते सिफारिस समेत गरेको बेहोरा जनाइ मिति २०८१।०५।२८ को कार्यपालिका बैठकले साबिकको गुरुयोजनालाई परिवर्तन गरि Revise Master Plan (गुरुयोजना) स्वीकृती गरेको देखियो । Details project report तयारीका वखत पर्याप्त स्थलगत अध्ययनको अभाव, सिमानक्साको न्युन विश्लेशण तथा अन्तरनिकाय समन्वयको अभावमा Master Plan Revise गर्नुपरेको देखिन्छ। उक्त कारणवाट परियोजनाको भौतिक प्रगतिमा समेत असर परेको देखिन्छ। यस सम्बन्धमा सम्वन्धित परामर्शदाता तथा जिम्मेवार पदाधिकारीलाइ जिम्मेवार वनाउनपर्दछ।

५१.४ ऋण तथा ब्याजको अतिरिक्त व्ययभार पर्ने देखिएको :- यस निर्माण कार्यको लागि नगर विकास कोष र पालिकावीच २०७८ चैत्र ११ मा ऋण सम्झौता भई ३ वटा किस्तामा रकम प्राप्त गर्ने र वार्षिक ८ प्रतिशतका दरले २० वर्षको अबधिभित्र चुक्ता गर्ने गरी पालिकाले ऋणमार्फत आयोजना निर्माणको लागि ऋण लिएको देखियो । २० वर्षको अबधिभित्र ऋण र व्याज समेत गरी रू.३२,२०,६७,६८०/- भुक्तानी गर्नुपर्ने किस्ता विवरणवाट देखिन्छ। ऋण प्रयोजनवाट गर्न लागिएको कार्य तोकिएको अबधिमै सम्पन्न गरी समयमै हस्तान्तरण लिइ आयआर्जनको लागि उपयोग गर्नुपर्नेमा सुरु म्यादमा निर्माण कार्य पुरा नभएको, म्याद थपमा समेत न्युन प्रगति भएको देखिएको तथा Master Plan Revise समेतको कारणले ढिलो हुन जाने देखिन्छ। समयमा आयोजना सम्पन्न नभएमा प्रतिफल प्राप्ति नहुनुकासाथै ऋण तथा ब्याजको अतिरिक्त व्ययभार पर्ने देखिन्छ ।

५१.५ पेश्की वाँकी :- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ४७ मा पेश्की दिने र फछर्यौट गर्ने कार्यविधि तोकेको छ । खरिद सम्झौता पश्चात निर्माण व्यवसायीलाइ रु १,५९,४४,०००/- पेश्की उपलव्ध गराएकोमा आर्थिक वर्षको अन्तसम्म रु ३६,५०,०००/- फछ्यौट भइ रु १,२२,९४,०००/- वाँकी रहेको सुत्रवाट देखिन्छ। नियमानुसार उक्त पेश्की फछ्यौट हुनुपर्दछ।

५२ **विद्यार्थी वीमा** (800-2082-02-06):

तानसेन नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रममा बडा नं १ सामुदायिक विद्यालयको विद्यार्थीहरुको रू.१ लाख बराबरको दुर्घटना वीमा गराउने कार्यक्रम राखिएको छ ।वडा नं १ को विद्यालय श्री भुसलडाँडा मा.बिको ३८४ विद्यार्थी र बाराङ्दी प्रा.बि को १७ जना विद्यार्थीहरु गरी ४०१ जना विद्यार्थीहरुको रू.१ लाख बराबरको दुर्घटना विमा वापतको रकम रू. ६१०४०/- शिखर इन्स्योरेन्स कम्पनी लिमिटेडलाई भुक्तानी भएको छ । पालिकाले यस्ता प्रकृतिको कार्यसञ्चालन गर्दा आन्तरिक आयसमेत विश्लेषण गर्नुपर्ने देखिन्छ ।

५३ **उपभोक्ता समितिबाट फरक प्रकृतिको कार्य**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। नमुना छनौट गरी परीक्षण गर्दा पालिकाले शुन्य श्रमयोगदान हुने तथा खरिदजन्य, बितरणमुखी तथा विज्ञ आवश्यक पर्ने कार्य समेत उपभोक्ता समितिवाट गराएको देखियो । यस्ता प्रकृतिको कार्यहरु नगरपालिकामा रहेका जनशक्तिबाट गराउनुपर्नेमा सार्वजनिक खरिद नियम कानूनको विपरित उपभोक्ता समितिवाट गरिएको खर्च नियमसम्मत नदेखिएको रु

गो.भौ.नं/मिति	विवरण	उपभोक्ता समितिको नाम	भुक्तानी रकम
३८४।२०८१।१०।०७	खेलकुद सामाग्री वितरण	वडा भित्रको टोल स्तरीय खेलकुद कार्यक्रम उपभोक्ता समिति	१०००००
४३७।२०८१।१०।२५	जुस बनाउने तालिम	जुस बनाउने तालिम उपभोक्ता समिति	१०००००
७१८।२०८२।०१।०८	ज्येष्ठ नागरिकलाई स्वेटर, अपाङ्गलाई थर्मस तथा विद्यालयलाई टिफिन बक्स वितरण	जेष्ठ नागरिक तथा बालबालिका अपाङ्ग सम्मान उपभोक्ता समिति	११००००
७५७।२०८२।०१।२१	वडा नं ४ महिलाहरुलाई मा हाते होजियारी तालिम	महिलाहरुलाई हाते होजियारी स्तरोन्न्ती तालिम उपभोक्ता समिति	१०००००
७८१।२०८२।०१।३०	वडा नं ४ मा जेष्ठ नागरिक सम्मान	जेष्ठ नागरिक उपभोक्ता समिति	१०००००
		जम्मा	५१००००

अनियमित भएको	५,१०,०००

५४ **खानेपानी पाइप जडानको कार्यसम्पन्न नभएको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादन तयार भएपश्चात मात्र बिल भुक्तानी दिनुपर्दछ । नगरपालिकाले निम्नानुसार पाइप खरिद गरी भुक्तानी गर्दा नापी तथा कार्यसम्पन्न प्रतिबेदन संलग्न नगरेकोले खरिद भएको पाइप जडान गरी सो को कार्यसम्पन्न प्रतिबेदन पेश हुनुपर्ने रकम रू.

गो.भौ.नं/मिति	विवरण	सप्लायर्स	भुक्तानी रकम
१११६।२०८२।०३।१३	२० एमएमको २५८५ र ४० एमएमको ३०० मिटर पाइप खरिद (वडा नं ५ को कार्यक्रम)	गणेश ट्रेड सप्लायर्स	१४४४४९

प्रमाण पेश नगरेको	१,४४,४४९

५५ **योजना अनुगमन खर्च** (558-2082-03-23):

लुम्बिनी प्रदेश स्थानीय तहको पदाधिकारीको सेवा सम्बन्धी ऐन, २०७६ को नियम १४(ख) मा स्थानीय तहको पदाधिकारीले यस ऐनले निर्धारित गरेको सुविधा बाहेक अन्य सुविधा नपाइने व्यवस्था रहेको साथै लुम्बिनी प्रदेश सार्वजनिक खर्च व्यवस्थापन निर्देशिकाको बुँदा नं १९ मा सार्वजनिक निकायको कार्य जिम्मेवारी तथा कार्यक्षेत्र भित्र पर्ने नियमित प्रकृतिको काम गरेवापत तलव वा पारिश्रमिक बाहेकको अन्य थप सुविधा वा अतिरिक्त भत्ता लिन नपाइने व्यवस्था रहेको छ । पालिकाले उपप्रमुखको संयोजकत्वमा रहेको योजना अनुगमन गरे वापत विभिन्न १२ जनालाई रू.३१०४००/- योजना अनुगमन भत्ता खर्च लेखेको छ ।पालिका परिसरवाट नजिकै रहेको स्थानमा समेत अनुगमन खर्च लेखी व्ययभार पारेकोले नियमसम्मत नदेखिएको रू.

अनियमित भएको	३,१०,४००

५६ **विद्युत महशुलमा अनुदान** (3-2081-06-30):

स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहले कार्यक्रम संचालन गर्दा आफ्नो आन्तरिक आयसँग मिलान हुनेगरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको नगर स्तरीय विषयगत कार्यक्रमवाट ५ एम्पियरको मिटर जडान भएको र २० युनिट सम्म विद्युत गर्ने परिवारको लागि अनुदान खर्च शिर्षकबाट १४ वटा वडाको विभिन्न २२२६ घर परिवारको लागि मासिक रू.३० को दरले अनुदान वापत नेपाल विद्युत प्राधिकरणलाई रू.८,००,०००/- भुक्तानी भएको छ । पालिकाले वितरणमुखी कार्य गर्दा लगानीको प्रतिफल विश्लेशण गर्नुपर्ने तथा आन्तरिक आयसमेत ख्याल गर्नुपर्ने देखिन्छ ।

५७ **दरबन्दी बाहिरका कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोही ऐनको दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, माली, बगैँचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ। पालिकावाट प्राप्त विवरण अनुसार विभिन्न ७ वटा सामुदायिक स्वास्थ्य सेवा इकाई तथा स्वास्थ्य चौकीमा अ.हे.ब ५ जना, अ.न.मी ५ जना, तथा ल्याव टेक्निसियन २ जना र का.स ५ जना गरी १७ जना कर्मचारीको व्यवस्थापन सर्वेक्षण नगरी दरबन्दी बाहेकको तलब भत्ता भुक्तानी भएको अनियमित देखिएको रकम रू.

अनियमित भएको	५१,४४,९९०

५८ **PLHIV यातायात खर्च**

तानसेन नगरपालिका बार्षिक बजेट तथा कार्यक्रम २०८१।८२ मा नगरपालिका भित्रका एच.आई.भी संक्रमित बिरामीहरुलाई औषधी खर्चवापत मासिक रुपमा रू.५००/- उपलब्ध गराइने व्यवस्था गरेको छ । पालिकाले सो खर्च शिर्षकमा रू.४ लाख बजेट विनियोजन गरेकोमा रू.२ लाख ४० हजार भुक्तानी खर्च लेखेको छ । पालिकाले पेश गरेको विवरण अनुसार पालिका भित्र जम्मा ६२ जना एच.आई.भी का बिरामीहरु रहेका छन् । नीति तथा कार्यक्रम बमोजिम बजेट विनियोजन भएको तर कार्यक्रम कार्यान्वियनको लागि कुनै पनि कानुन तथा कार्यविधि नबनेको हुँदा कार्यक्रम कार्यान्वयन गर्दा कार्यविधि तयार गरी मात्र रकम भुक्तानी हुनुपर्दछ ।

५९ **वढी भुक्तानी** (19-2081-10-08):

आर्थिक कार्यविधि तथा बित्तीय उत्तरदायित्ब नियमावली २०७७ को नियम ३९(५) अनुसार खर्च गर्दा त्यस्तो खर्चलाइ पुष्टी गर्ने बिल भरपाई, प्रमाण कागजात सँलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकाले यस भौचरवाट विलभन्दा वढी भुक्तानी दिएकोले असुल गर्नुपर्ने देखिएको रु (आलेप)

असुल गर्नुपर्ने	२,३००

६० **भुक्तानीमा कर कट्टी**

आय कर ऐन, २०५८ को दफा ८८(१) मा बासिन्दा व्यक्तिलाई सेवा शुल्क भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतको दरले कर कट्टी गर्नुपर्ने व्यवस्था रहेको छ ।पालिकाले पशुपन्छीको खोप लगाउन खटिएका भ्याक्सिनेटरलाई भत्ता भुक्तानी गर्दा १५ प्रतिशतले कर कट्टी गर्नुपर्नेमा १ प्रतिशतले कर कट्टीगरी भुक्तानी दिएको पाइयो । तसर्थ नपुग कर रकम असुल गरी दाखिला गर्नुपर्ने रकम रू.

सि.नं	कर्मचारीको नाम	भुक्तानी रकम	कर कट्टी हुनुपर्ने	कर कट्टी भएको	नपुग कर रकम रू.
१	उम बहादुर पौडेल	१५७००	२३५५	१५७	२१९८
२	कमल राज केसी	२५०००	३७५०	२५०	३५००
३	कृष्ण खाती	१६२३०	२४३५	१६२	२२७२
४	मदन कृष्ण भट्टराई	१४६३०	२१९५	१४६	२०४८
५	मिन प्रसाद पाण्डे	१२१४०	१८२१	१२१	१७००
६	सुविन घिमिरे	८७६४०	१३१४६	८७६	१२२७०
जम्मा					**२३९८८**

असुल गर्नुपर्ने	२३,९८८

६१ **भैँसीपालनमा अनुदान** (138-2081-07-12):

तानसेन नगरपालिकाको बार्षिक बजेट तथा कार्यक्रम बमोजिम वडा नं ११ को बजेटमा २५ जना कृषकहरुलाई भैँसी खरिदको लागि रू.४० हजारको दरले अनुदान दिने गरी रू.१० लाख रुपैँया बजेट विनियोजन गरेको छ । पालिकाबाट सो वडाको विभिन्न २५ जना कृषकहरुसँग सम्झौता गरी तिलाहार गाईभैँसी पालन तथा दुग्ध उत्पादन समुहलाई रू.१० लाख भुक्तानी भएको छ । कृषकहरुसँग भएको सम्झौता बमोजिम अनुदान प्राप्त कृषकले नियमित रुपमा ३ वर्षसम्म डेरीमा दुध लैजानुपर्ने, प्रत्येक वर्ष साटफेर गरी लैनो भैँसी पाल्नुपर्ने, अनुदान प्राप्त कृषक सदस्यले भैँसी बेचेमा तुरुन्त अर्को भैँसी खरिद गर्नुपर्ने तथा अनुदान प्राप्त कृषकले भैँसीको अनिवार्य रुपमा वीमा गराउनुपर्ने व्यवस्था रहेको छ ।कृषकसँग भएको सम्झौता पालना भए /नभएको तथा सो कार्यक्रमले जनताको जीवनस्तरमा पारेको प्रभाव तथा सुधारको सम्बन्धमा पालिकाले निरन्तर अनुगमन गर्नुपर्दछ ।

६२ **कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता सझेदारी परियोजना" (हेफर प्रोजेक्ट नेपाल)**

६२.१ कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरुमा बाख्रा व्यवस्थापन र उन्नत प्रविधिहरुको अनुशरणवाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र बिषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ पशु खरिद, वागवानी तथा ढुवानी, कृषि सामग्री तथा यन्त्र उपकरण, तालिम तथा अनुगमनका लागि कृषि तथा पशु विकासमा आधारित किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना"(हेफर प्रोजेक्ट नेपाल) र पालिका बिच रु. ३ करोड ८६ लाखको लागत साझेदारीमा मिति २०८३।९।१६ सम्म कार्यक्रम सञ्चालन गर्ने गरी मिति २०८१।१२।१३ मा सम्झौता भएको छ। कुल लागत मध्ये ६९.९ प्रतिशतले हुने रकम रु.२ करोड ७० लाख पालिकाले र बाँकी हुने ३०.१ प्रतिशत रकम रू.१ करोड १६ लाख २६ हजार हेफर र ग्रामिण आर्थिक विकास संघ(रेडा)ले व्यहोर्ने व्यवस्था उल्लेख छ। यस परियोजना अन्तर्गत यस कार्यालयवाट हेफर प्रोजेक्ट नेपाललाई आ.व २०८१।८२ मा रु.६५लाख ६१ हजार ४५२ भुक्तानी भएको छ। यस सम्बन्धमा व्यहोरा निम्नानुसार रहेका छन।

६२.२ सो परियोजना व्यवस्थापनको नेतृत्व र कार्यान्वयनको जिम्मेवारी ३० प्रतिशत अंश व्यहोर्ने हेफर प्रोजेक्ट नेपालको रहने र हेफर प्रोजेक्ट नेपालले परियोजना साझेदार संस्था अर्थात पालिकाको कृषि वा पशुपालनलाई प्रमुख प्राथमिकतामा राखी आर्थिक बर्ष २०८१।८२ मा रु.६५ लाख ६१ हजार ४५२ खर्च लेखेको छ। परियोजनाको सम्झौता सोको कार्यन्वयनको अवस्था कार्य सञ्चालन गरेको विधि र प्रक्रिया स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २५ सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को परिपालना भएको देखिएन।

६२.३ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(८) मा स्थानीय तहले सार्वजनिक निजी साझेदारीमा कुनै योजना सञ्चालन तथा व्यवस्थापन गर्न सक्ने व्यवस्था भए पनि गैर सरकारी संस्थासँग स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजना साझेदारी गर्न सक्ने प्रावधान रहेको छैन। स्थानीय तहले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २५ बमोजिम गैर सरकारी संस्थाले स्थानीय तहसँग समन्वय गरी सञ्चालन गर्न सक्ने व्यवस्था गरेको छ। गैर सरकारी संस्थावाट कार्य गराउने सन्दर्भमा सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४६ मा जनचेतना सम्बन्धी तालिम, अभिमुखीकरण, सबलीकरण, मुलप्रवाहीकरण जस्ता कार्य छिटो, प्रभावकारी र मितव्ययी हुने भएमा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९९ वमोजिमको प्रक्रिया अपनाई त्यस्तो कार्य गराउन वा सेवा प्राप्त गर्न सक्ने व्यवस्था छ। सो नियमावलीको नियम ९९ मा गैर सरकारी संस्थाबाट दश लाख रुपैया सम्मको काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, कामको गुणस्तर, कार्य सञ्चालन विधि सहितको कार्य क्षेत्रगत शर्त तयार गरी कम्तीमा १५ दिनको अवधिको सुचना मार्फत कम रकमको प्रस्ताव पेश गर्ने योग्य संस्थासँग सम्झौता गर्न सकिने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐनमा स्थानीय तहले खर्च व्यहोर्ने गरी कुनै योजनाको सञ्चालन तथा व्यवस्थापन गैर सरकारी संस्थाले गर्ने गरी साझेदारी गर्न सक्ने व्यवस्था नगरेको अवस्थामा पनि कृषि तथा पशु उद्यमशीलता परियोजना सञ्चालनका लागि पालिकाले लागतको ६९.९ प्रतिशत खर्च रु.२ करोड ७० लाख व्यहोर्ने गरी लागत साझेदारीको नाममा हेफर प्रोजेक्ट नेपालसँग सम्झौता गरेको तथा सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४६ मा निर्दिष्ट क्षेत्र सँग अमिल्दो गरी सम्झौता गरेको छ ।

६२.४ योजना तथा कार्यक्रमका लागि बजेट तयार गर्दा बढी प्रतिफल वा उपलब्धी प्राप्त हुने, तुलनात्मक लाभ बढी भएका र सामाजिक लाभ उच्च भएका आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय श्रोत, साधन र सीपको अधिकतम प्रयोग हुने, योजना तथा कार्यक्रम प्रस्ताव गर्नुपर्दछ। योजना सञ्चालनको पहिलो वर्षमा देहायबमोजिमको कार्यक्रममा खर्च गरेको छ ।

क्र.सं	संचालित योजना	विनियोजित रकम	खर्च रकम
१	पशु खरिद र ढुवानी	२३६९००००	२३६४७००
२	बागवानी तथा ढुवानी	४०००००	३९९४२०
३	कृषि उपकरण खरिद	३१२०७५०	३०७७६३७
४	तालिम	२७०२५०	२४७१२०
५	प्राविधिक सेवा तथा मूल्याङ्कन	४९००००	४७२५७५
जम्मा			६५६१४५२

पालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक लगायतका विषयगत क्षेत्र हेर्ने संगठनात्मक संरचना र जनशक्ति रहेको अवस्थामा पालिकाले आफै सो परियोजना सञ्चालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्याङकन नगरी गैर सरकारी संस्थाबाट गराउनु जवाफदेही र औचित्यपूर्ण रहेको पुष्टि हुन सकेन। हेफर प्रोजेक्टले सो परियोजनाका लागि ३०.१ प्रतिशत खर्च व्यहोर्ने उल्लेख गरे तापनि ती खर्च कार्यक्रममा संचालनसँग सम्बन्धीत रहेको र संचालन खर्चको सीमा सोही परियोजनाको नियन्त्रणमा रहेकोले सो खर्चको मितव्ययिता र दक्षता बिश्लेषण गर्न सकिएन।

६२.५ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५०मा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ मा कुनै फर्म, संस्था वा कम्पनीलाई पेश्की दिँदा प्रचलित कानुन वमोजिम बैंक जमानत लिनुपर्ने व्यवस्था विपरित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता कार्यक्रम संचालनार्थ हेफर प्रोजेक्ट नेपाललाई सम्झौताको सि.नं. ७.२.३ मा साझेदारी कार्यक्रम सञ्चालन गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ र तानसेन नगरपालिकाको साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ बमोजिम दोस्रो पक्षलाई आवश्यक परेमा पेश्की दिन सकिने व्यवस्था गरी सम्झौता गरेको छ। गो.भौ.नं-३४०।२०८२।०२।१८ बाट रू.२१लाख ९४ हजार ५०० पेश्की आर्थिक कार्यविधि कानून विपरित जमानत विपरित दिइएको र सो पेश्की लेखापरीक्षण अवधिसम्म फर्स्यौट नभएको पाइयो ।सम्झौता गर्दा पेश्की सुरक्षण हुने गरी गरिनुपर्दछ ।

६२.६ संचालन भएको कार्यः लेखापरीक्षणको क्रममा सम्झौता बमोजिम हेफर/रेडा नेपालले उपलब्ध गराएको प्रतिबेदन अनुसार यस वर्षको कार्यप्रगति निम्नानुसारको कार्य गरेको छ ।

खरिद गरिएको सामाग्री	संख्या	कृषकलाई अनुदान रकम	भएको खर्च	कैफियत
गाई	२५	४५००० (बढीमा)	११२५०००	
बाख्रा	१२४	१००%	९९१३८०	
बोका	४	१००%	१०८३२०	
बंगुर	२०	१००%	१४००००	
मौसमी तरकारी बीउ		१००%	३९९४२०	
थरी सुधार	१२	५०%	१६९९४०	
खोर निर्माण ठूलो	१५	५०%	५८८८२२	
कुखुराको भ्याक्सिन	४९४० चल्ला	१००%	२५०००	
जुकाको औषधी	१२८ गोटा	१००%	३७२००	
कम्बाइन्ड मिल	२९ थान	५०%	५८००००	
मिनि ट्रिलर	४८	५०%	१२००००००	
मौरी	११	५०%	९३५००	
मकै छोडाउने मेशीन	१२	५०%	७२०००	
लोकल कुखुरा खरिद	४९५०	१००%	२९५९७५	
तालिम संचालन			२४७१२०	२८ पटक संचालन

पालिका मातहत नै आफ्ना योजना तथा कार्यक्रम सञ्चालनका लागि कृषि, पशु, प्राविधिक लगायतका विषयगत क्षेत्र हेर्ने संगठनात्मक संरचना र जनशक्ति रहेको अवस्थामा पालिकाले आफै सो परियोजना सञ्चालन गर्न सक्ने ज्ञान, सीप र क्षमताको विश्लेषण र मूल्याङकन गरी पालिकाले नै सो कार्य सम्पन्न गर्नुपर्दछ ।

६३ कृषिजन्य सामाग्री अनुदान तथा वितरण

पालिकाले कृषि क्षेत्रको रुपान्तरण, कृषि तथा पशुपन्छीजन्य व्यवसाय प्रवर्धन लगायतका कृषि, पशुपन्छी, बालीनाली, मत्स्य आदि सम्वन्धी अनुदान उपलब्ध गराउने कार्यक्रमबाट विभिन्न व्यक्ति तथा समूहलाई अनुदान दिएको देखिन्छ । यस्ता कार्यक्रम संघका साथै प्रदेश तथा स्थानीय तह मार्फत समेत हुनेगरेको देखिन्छ । लक्षित कृषक वर्गलाई अनुदान वितरण वापत वार्षिक कार्यक्रम अनुसार यस वर्ष पालिकाबाट रू.११,८९,८२५/- खर्च भएको देखिन्छ । यस्ता खर्चहरु लेख्दा अन्तरनिकाय समन्वय तथा दोहोरो नपर्ने गरि पारदर्शिता र जवाफदेहिता प्रवर्धनको लागी यसरी अनुदान प्राप्त गर्ने कृषकको नाम, ठेगाना र अनुदानको किसिम तथा रकम वेभसाइटबाट सार्वजनिकरण गर्नु गराउनु पर्ने देखिन्छ ।

गो.भौ.नं/मिति	विवरण	भुक्तानी रकम
७३६।२०८२।०१।१५	वडा नं १० मा प्याज, टमाटर, धर्नियाँ, काउली लगायतको बीउ वितरण	१५००००
९०६।२०८२।०२।२७	वडा नं ५ मा कृषकहरुलाई मिनि किट वितरण (९०० सेट)	९९०००
१०९२।२०८२।०३।१०	वडा नं १मा २२ वटा टोल विकास संस्थाहरुलाई काँक्रा, करेला, धर्नियाँ, वोडी लगायतको मिनिकिट वितरण	१०००००
१२९६।२०८२।०३।२३	वडा नं १३ मा ५०० एम एल को २५० थान क्यालसियम र १.२ केजीको २०० थान मिनिरल खरिद गरी वितरण	१५००००
१३१४।२०८२।०३।२४	वडा नं १३ को १० जना किसानलाई काउली बोडी सिमी टमाटर बन्दा लगायतको किट वितरण	९९७००
१३१७।२०८२।०३।२४	५० प्रतिशत अनुदानमा ११ जनालाई उन्नत बीउ बोका वितरण	२६६२२५
१३२१।२०८२।०३।२४	५० प्रतिशत कृषि अनुदानमा १० थान मिनिट्रिलर वितरण	३२५०००
जम्मा		**११८९९२५**

६४ जिन्सी दाखिला नगरि हस्तान्तरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ बमोजिम खरिद भई आएका मालसामान प्राप्त भएको मितिले ७ दिनभित्र जिन्सी किताबमा आम्दानी बाँधी लगत राख्नुपर्ने व्यवस्था रहेको छ । नमुना परीक्षण गर्दा नगरपालिकाले खरिद गरी भुक्तानी दिएको देहायबमोजिमका मालसामान जिन्सी दाखिला गरेको देखिएन । नगरपालिकाले सामान खरिद गरी वडा तथा विभिन्न कार्यालयमा हस्तान्तरण गर्दा नगरपालिकाको PAMS मा जिन्सी दाखिला गरी मात्र हस्तान्तरण गर्नुपर्नेमा सो नगरेको देखिएको अनियमित रु

गो.भौ.नं/मिति	विवरण	भुक्तानी रकम	कैफियत
९०२।२०८२।०२।२६	कर्न थ्रेसर ४ थान, सिकेचर ५ थान, जव प्लान्टर १० थान, गार्डेन पाइप २२५ मिटर लगायतको सामाग्री खरिद भएको सो को जिन्सी शाखामा दाखिला नभएको	२७३२४९	वडा नं ८ को कृषि सामाग्री खरिद कार्यक्रम अर्न्तगत खरिद भएको सामाग्री
११६८।२०८२।०३।१५	वडा नं ११ को लागि १० थान सिसिटिभी क्यामरा खरिद	१९९५०१	वडा कार्यालयको जिन्सी खातामा रजिष्ट्ररमा प्रविष्ट भएको,PAMS मा नभएको
		४७२७५०	

अनियमित भएको	४,७२,७५०

६५ शिक्षक विद्यार्थी अनुपात

स्थानीय तह अन्तरगत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार पदपूर्ति भइ नेपाल सरकारले तोकेको मापदण्ड अनुसार शिक्षक संख्या र विद्यार्थीको अनुपात मिलाई नियमित पठनपाठनको व्यावस्था हुनुपर्दछ । यस पालिका अन्तरगत रहेका ४९ वटा विद्यायलहरुको शिक्षक दरबन्दी तथा पदपूर्ति र विद्यार्थी संख्याको विवरण निम्नानुसार छ ।

क्र.सं.	विद्यालयको नाम	विद्यार्थी संख्या	शिक्षक पदपूर्ति	शिक्षक विद्यार्थी अनुपात
१	सेन मा वि तानपा ६	२२६	१५	१:१५
२	जनता मा वि तानपा ३	१२७५	२५	१:५१
३	पद्म पब्लिक मा वि तानपा ३	१५५	१६	१:१०
४	देववाणी सं तथा सा मा वि तानपा २	५१४	१५	१:३४
५	शारदा मा वि तानपा ८	४९१	१७	१:२९
६	मोहनकन्या मा वि तानपा ४	२९०	१५	१:१९
७	त्रिभुवन मा वि तानपा १४	२६२	१५	१:१७
८	सर्वोदय मा वि तानपा १३	१३७	१५	१:९
९	दमकडा मा वि तानपा ९	९३५	२६	१:३६
१०	महेन्द्र बोधी मा वि तानपा २	२१७	१२	१:१८
११	युवा प्रा वि तानपा १०	२६	२	१:१३
१२	कुन्सरे आ वि तानपा ६	६७	७	१:१०
१३	अमर प्रा वि तानपा १४	१६	२	१:८
१४	बालकृष्ण आ वि तानपा ९	२०	४	१:५
१५	सार्वजनिक आ वि तानपा १०	४५	३	१:१५
१६	बालकन्या भगवति आ वि तानपा ३	१०८	८	१:१४
१७	लिपिनदेवी आ वि तानपा ११	४१	३	१:१४
१८	सरस्वतीनाथ प्रा. वि तानपा ११	६	०	०
१९	सिद्वेश्वर आ वि तानपा १४	१०३	७	१:१५
२०	कृष्ण आ वि तानपा १४	४	२	१:२
२१	सरस्वती मा वि तानपा ७	३९५	१६	१:२५
२२	ज्ञानोदय आ वि तानपा १३	५	०	०
२३	जनप्रिय मा वि तानपा ६	२००	१२	१:१७
२४	जन आ वि तानपा ३	२६	४	१:७
२५	लुम्बिनी मा वि तानपा १२	१९७	१६	१:१२
२६	नामीकुवा आ वि तानपा १२	२०	३	१:७
२७	भगवती आ वि तानपा ८	१२४	८	१:१६
२८	मण्डली मा वि तानपा १०	९६	१५	१:६
२९	शारदा मा वि तानपा १३	११२	१२	१:९
३०	लक्ष्मी मा वि तानपा ५	२०४	१६	१:१३

३१	अमरभगवती आ वि तानपा १४	३६	३	१:१२
३२	भयरस्थान आ वि तानपा १०	१८	२	१:९
३३	बालमन्दिर आ वि तानपा ४	१४४	४	१:३६
३४	गार्गी मा वि तानपा ११	११९	१२	१:१०
३५	तिन्टीआँप आ वि तानपा ९	८७	४	१:२२
३६	राधाकृष्ण आ वि तानपा १३	४३	२	१:२२
३७	विष्णु आ वि तानपा १२	२७	२	१:१४
३८	नवदूर्गा आ वि तानपा ११	१३	२	१:७
३९	भुसलडाँडा मा वि तानपा १	४८५	१५	१:३२
४०	बालज्योति आ वि तानपा ३	१००	५	१:२०
४१	चण्डिका आ वि तानपा ११	९	१	१:९
४२	रैनादेवी आ वि तानपा १२	३९	३	१:१३
४३	प्रजातन्त्र आ वि तानपा १०	३०	४	१:८
४४	सूर्यज्योती आ वि तानपा ११	१४	२	१:७
४५	बालकल्याण आ वि तानपा ५	१५	१	१:१५
४६	पिपलडाँडा आ वि तानपा ८	३५	२	१:१८
४७	बराङ्दी आ वि तानपा १	१६	२	१:८
४८	ब्रम्हाविष्णु आ.व	६५	५	१:१३
४९	गायत्री संस्कृत गुरुकुलम	२९	०	०
जम्मा		७६४१	३८२	१:२०

पालिकाबाट प्राप्त विद्यालयका शिक्षक पदपूर्ति र विद्यार्थी संख्याको अनुपात विश्लेषण गर्दा ४९ विद्यालयमा ३८२ शिक्षक रहदा जम्मा विद्यार्थी ७६४१ रहेका छन् ।शिक्षक विद्यार्थी अनुपात अधिकतम ५१ देखि २ प्रतिशत सम्म रहेको देखियो ।जुन शिक्षक विद्यार्थी अनुपात पालिकास्तरमा १:२० रहेको छ ।साथै शिक्षक विद्यार्थी अनुपात नेपाल सरकारको मापदण्ड अनुसार पहाडी जिल्लामा ४५ हुनुपर्नेमा मापदण्ड अनुसार नदेखिएकोले विद्यालयहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गरी शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयमा सामाजिक न्याय, समानुपातिक वितरण, भौगोलिक विषमतालाई ध्यान दिँदै गुणस्तरीय शिक्षा प्रर्वद्धनमा जोड दिन दरबन्दी मिलान तथा पुनर्वितरण समयमै गरिनुपर्छ।

६६ **कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान**

कार्यक्रम कार्यान्वियन कार्यविधि, २०८१।८२ को क्रियाकलाप नं-२.७.१३.१३ मा तोकिएको सूचकको आधारमा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन वापत प्रथम हुने विद्यालयलाई ३ लाख र द्बितिय हुने विद्यालयलाई २ लाख अनुदान दिन सकिने व्यवस्था रहेको छ । संघीय सरकार हस्तान्तरित तर्फको गो.भौ.नं- ४५०।२०८२।०३।२२ बाट देववाणी संस्कृत तथा साधारण माध्यमिक विद्यालय र सरस्वती माध्यमिक विद्यालयलाई क्रमशः रू.३ लाख र रू.२ लाख भुक्तानी भएको छ । सम्बन्धित विद्यालयले प्रस्तावना पेश गर्दा अन्तर विद्यालय शैक्षिक तथा खेलकुद कार्यक्रम र सिकाईमा प्रविधिको प्रयोग, परियोजना कार्यमा जोड र अतिरिक्त क्रियाकलापमा सक्रिय सहभागिता लगायतका क्रियाकलापमा खर्च गर्ने भनिएको छ । विद्यालयहरुले प्रस्तावनामा प्रस्ताव गरे बमोजिम कार्य गरेको नगरेको तथा प्रोत्साहन वापतको रकमको सदुपयोग भए/नभएको सम्बन्धमा पालिकाले निरन्तर अनुगमन गर्नुपर्दछ ।

६७ **कामको संसार चिनाउने कार्यक्रम**

६७.१ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ।विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम अन्तर्गत देहायका विद्यालयलाई रू.१०९२२४५/- भुक्तानी दिएकोमा देखिएको व्यहोरा निम्नानुसार छ ।

६७.२ दमकडा मा. वि लाई रु२७९३००/- भुक्तानी दिएकोमा देखिएको व्यहोराहरु विद्यालयले कार्यक्रम सञ्चालन गर्दा देहायका व्यक्तिलाई अन्य तथा विविध व्यवस्थापन खर्च तथा सहयोगी कर्मचारी खर्च भनी नगद भुक्तानी गरेको देखियो।खर्च पुष्टी हुने प्रमाण संलग्न नगरी भुक्तानी गरेको देखिएकोले खर्च पुष्टी हुने प्रमाण पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

कर्मचारीको नाम	कार्यक्रम संख्या	खर्च शिर्षक	दर	बुझिलिएको रकम कट्टी गरी
रीता सिलवाल	५	अन्य तथा विविध व्यवस्थापन खर्च	५०००	२१२५०
रामचन्द्र अर्याल	६	सहयोगी कर्मचारी खर्च	५००	२५५०
जम्मा				२३८००

प्रमाण पेश नगरेको	२३,८००

६७.३ (४०९-2082-03-16):

श्री लक्ष्मी माध्यमिक विद्यालयलाई भुक्तानी भएको रकम रु १४०४०० मध्ये रु ७८३८० को मात्र बिल भरपाइ पेश भएको र रु ६२०६८ को विल तथा भत्ता बुझेको भरपाई पेश नभएकोले विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	६२,०६८

६७.४ यस कार्यक्रम सञ्चालन सम्बन्धमा देखिएका अन्य व्यहोराहरु देहाय बमोजिम रहेका छन् ।

-संयोजक, प्रशिक्षक, प्रतिवेदक लगायत कसलाई के बापत भुक्तानी दिइएको हो सो सम्बन्धमा स्पष्ट हुने गरी अभिलेख तयार गरेको देखिएन जसले गर्दा दोहोरो भत्ता भुक्तानी हुन सक्ने भएकाले रकम यकिन गरेर मात्र भुक्तानी गर्नुपर्दछ।

-पालिकाले विद्यालयमा सञ्चालित विद्यार्थीलाई कामको संसार चिनाउने कार्यक्रम सञ्चालनमा पारदर्शी, मितव्ययी एवम उद्देश्यमूलक भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ।

६८ **नमुना विद्यालय**

६८.१ (३८८-2082-03-13):

विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकबाट नमुना विद्यालय अन्तर्गत दमकडा माध्यमिक विधालयलाई रु.३०,००,००० भुक्तानी गरेको छ।सो सम्बन्धमा देखिएको व्यहोरा देहाय बमोजिम रहेको छ ।

६८.२ मिति २०८१।११।०१ मा दमकडा कलर हाउस (बिजक नं १५१ र १५२) बाट सिमेन्ट, गेटवल, cpvc Tee, सकेट, कंक्रिट रिङ जस्ता सामाग्री खरिद गरी भ्याटसमेतको रु १५४८९४ (बिल नं १५१ को १२४२१५ र बिल नं १५२ को ३०६७९) सो फर्मलाई भुक्तानी गरेको छ तर लागत अनुमान पेश नगरेको तथा बिजक समेत हातले लेखेको पाइयो।मुल्य अभबृद्धि कर समायोजन र लागत अनुमान पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१,५४,८९४

६८.३ (१३५-2082-02-01):

E-digital Nepal Pvt .Ltd बिजक नं १३५ बाट खरिद भएको School Management Software Renewal 2082 बापतको रू.२२६००/- भुक्तानी भएकोमा सक्कल बिल नभएको पाइएकोले सो को सक्कल बिल पेश गर्नुपर्ने रकम रू.

प्रमाण पेश नगरेको	२२,६००

६९ **सामुदायिक सिकाई केन्द्र** (३८०-2082-03-11):

सामुदायिक सिकाई केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७८ को दफा ११ मा केन्द्रबाट सञ्चालन हुने कार्यक्रम र सेवा सम्बन्धमा व्यवस्था गरेको छ। पालिका अन्तर्गत अर्गली सिकाई केन्द्रले सीपमूलक कार्यक्रम गर्नुपर्नेमा रू.१०३८८०/- को कृषिजन्य बिऊ (मकैको बिऊ,फलफूलको विरुवा) समेत वितरण गरेको देखियो।वितरणमुखी कार्य भन्दा सिपमूलक कार्यलाई केन्द्रले प्राथमिकता दिनुपर्दछ।

७० **बिजक बेगरको भुक्तानी**

मूल्य अभिवृद्धि कर ऐनको दफा १४(१) मा प्रत्येक दर्ता भएको व्यक्तिले तोकिए बमोजिमको अवस्थामा बाहेक कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाई बिजक दिनु पर्ने व्यवस्था छ।त्यस्तै आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भरपाई,प्रमाण र कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ।पालिकाकाले देहायका संस्थासँग गरेको सम्झौतामा भुक्तानी रकममा मूल्य अभिवृद्धि कर समावेश हुने भनी उल्लेख भएकोमा बिल बिजक बेगर भुक्तानी गरेको देखियो। अत: निम्नानुसारको भुक्तानी नियमसम्मत नदेखिएको रू.

गो भौ नं मिति	भुक्तानी पाउने	रकम रु
२५५-२०८२।०१।०४	मन्जुश्री टेक्निकल ट्रेनिङ इन्ष्टिच्युट प्रा लि	२४४३००
३८९-२०८२।०३।१३	मन्जुश्री टेक्निकल ट्रेनिङ इन्ष्टिच्युट प्रा लि	१३२९००
१३८-२०८१।०९।२५	शिव इनष्टिच्युट अफ मल्टी टे प्रा लि	११५३००
१३७-२०८१।०९।२५	शिव इनष्टिच्युट अफ मल्टी टे प्रा लि	१२१०००
२५६-२०८२।०१।१४	शिव इनष्टिच्युट अफ मल्टी टे प्रा लि	२४४१००
जम्मा		८५७६००

अनियमित भएको	८,५७,६००

७१ **दिवा खाजा**

पालिकाले कक्षा बालविकास देखि ५ सम्मका विद्यार्थीलाई प्रति विद्यार्थी दिनको रु. १५ का दरले दिवा खाजा वापत औसत १६४.५ दिनको १९१२ विद्यार्थीलाई ४७८७१६ हाजिरी दिनको लागि तपशिल बमोजिम रु.७१,८०,७४० अनुदान उपलब्ध गराएको छ। पालिकाले ४९ वटा विद्यालयहरुमा दिवा खाजा उपलब्ध गराएकोमा देखिएका व्यहोरा निम्न छन:

गो. भौ .नं र मिति	चौमासिक	दिवा खाजा रकम रु
५८-२०८१।०७।०१	पहिलो	१८०२२२०
१७७-२०८१।१०।३०	दोस्रो	१६४४१९५
२७६-२०८२।१२।०२	तेस्रो	१८८८११०
४२६-२०८२।०३।१९	चौथो	१८४६२१५
जम्मा		७१८०७४०

कार्यक्रम कार्यन्वयन कार्यविधिको क्रियाकलाप नं.२.७.११.१ तोकिएका विद्यार्थीको दिवा खाजाका लागि सङ्घीय सरकारबाट ससर्त अनुदानका रूपमा वित्तीय हस्तान्तरित गर्दा राष्ट्रियस्तरमा देखिने अनुपस्थिति दर, विद्यालय छाडने दर लगायतलाई आधार मानी औसतरूपमा प्रति विद्यार्थी वार्षिकरूपमा १८० दिनका दरले उपलब्ध भएसम्म स्थानीय उत्पादन समेतमा आधारित दिवा खाजा व्यवस्थापनका लागि सामुदायिक विद्यालयका प्रारम्भिक बालविकासदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीका लागि रकम दिने, दिवा खाजा व्यवस्था गर्दा बजारबाट खरिद गरिएका जङ्क फुडलाई निषेध गर्ने, ताजा र पोषिलो दिवा खाजाका लागि उपलब्ध भएसम्म स्थानीय कृषि उपजमा आधारित खाद्यान्न स्थानीय कृषक, कृषिमा आधारित सहकारी/साना कृषक समुहबाट खरिद गर्ने, स्थानीय कृषकसँग खरिद गरिएका खाद्यान्नको परिणाम खुल्ने विवरण र बिलभरपाई सुरक्षितरूपमा राख्ने र भएको खर्च विद्यालय व्यवस्थापन समिति वा खाजा व्यवस्थापन उपसमितिबाट अनुमोदन गर्ने व्यवस्था मिलाउने, विद्यालयबाट सञ्चालित दिवा खाजा कार्यक्रमको निरीक्षण अनुगमन स्थानीय तहबाट गर्ने लगायतका व्यवस्था भएकोमा सबै सामुदायिक विद्यालयमा एक दिवा खाजा अनुगमन निरीक्षण पुस्तिका खडा गर्नुपर्ने र उक्त निरीक्षण पुस्तिकामा सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका पदाधिकारी एवम् कर्मचारी र निरीक्षण अनुगमनमा खटिएका व्यक्ति ले आफ्नो राय सुझाव उल्लेख गर्ने व्यवस्था रहेकोमा पालिकामा उल्लेखित कार्य भएको देखिएन।पालिकाले सो सम्वन्धमा समेत ध्यान दिनुपर्ने देखिन्छ।

७२ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन**

(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर: कार्यक्रम कार्यान्वियन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यिन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

(ख)निजी विद्यालय व्यवस्थापन: राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नु पर्दछ ।

(ग)विद्यालयहरुको लेखापरीक्षण: कार्यक्रम कार्यान्वयन कार्यविधिमा पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनुपर्ने व्यबस्था छ । पालिका अन्तर्गत ४९ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व.२०८१।८२ को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै विद्यालयहरूको लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान निकासा हुने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ ।

(घ)अनुगमन: स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वियन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धी व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धी निश्चित मापदण्ड निर्धारिण गरी सोही अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। पालिकाले अनुगमन सम्बन्धी निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाई प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नुपर्दछ ।

७३ **आइसिटि ल्याव**

७३.१ विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकबाट पालिकाले जनता माध्यमिक बिद्यालय तानसेन ३ मा आइसीटी ल्याव प्रयोजनको लागी बिपि साइन्टिफिक ट्रेड प्रा लि (६०९५३०७२६) संग रु २६,१९,५८१ को सम्झौता गरी सामाग्री खरिद गरेकोमा देखिएका बेहोराहरु देहाय अनुसार रहेका छन:-

७३.२ स्पेसिफिकेशन :- पालिकाले रु३०,२८,००० को लागत अनुमान तयार गरेकोमा आइटमगत स्पेसिफिकेशन तयार गरेतापनि आपूर्ति पश्चात Post Delivery Inspection तयार गरेको देखिएन। आपूर्ति पश्चात Post Delivery Inspection समेत तयार गरी स्पेसिफिकेशन अनुसार नै सामान प्राप्त भए नभएको सम्बन्धमा पालिकाले ध्यान दिनपुर्दछ ।

७३.३ मुल्य अभिबृद्धि कर:- कार्यालयले बि.पि. साइन्टिफिक ट्रेड प्रालि (६०९५३०७२६) सँग रु २६,१९,५८१/- मुअकर समेत सम्झौता गरी रू.३,०१,३६७/- मुल्य अभिबृद्धि कर भुक्तानी गरेकोमा उक्त रकमको ३० प्रतिशत रकम रु ९०४१० आन्तरिक राजस्व कार्यालयमा दाखिला गर्नुपर्नेमा रु ६५७३/- मात्र दाखिला गरेकोले नपुग रकम रु ८३८३७ को समायोजनको रकम प्रमाण पेश गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	८३,८३७

७३.४ लागत अनुमानको तयारी:- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसमानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ।कार्यालयले जनता माध्यमिक बिद्यालय तानसेन ३ को आइसीटी ल्याव प्रयोजनको लागि लागि लागत अनुमान तयारी गर्दा विभिन्न ४ वटा आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सो दरबाट औसत निकाली कायम हुन आउने दररेटको आधारमा रु ३०,२८,००० को लागत अनुमान तयार गरेको पाइयो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपूर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसले गर्दा खरिद कार्य मितव्ययी र प्रतिस्पर्धात्मक रहेको भनि यकिन गर्ने आधार देखिएन। यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रक्रिया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ।

७४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

७४.१ स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री

रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम सुचीमा समावेश भएकाहरुलाई प्राथमिकीकरण गरी कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको प्रथमिकिकरण गर्ने सूचकहरु तय नगरेको कारण पर्न आएका वेरोजगारी निवेदनलाई छानविन गरी वेरोजागारको तथ्याङ्क एकिन गर्न सकेको देखिएन । कामका लागि रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादक योजना छनौट भएका देखिन्छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका वडाहरुमा गोरेटो बाटो मर्मत, पदमार्ग तथा नाली व्यवस्थापन, मोटरबाटो कुलो निर्माण योजना लगायतका कार्यक्रम सञ्चालनको लागि रु.७८,९१,०००।-वजेट विनियोजन भएकोमा पालिकाले पेश गरेको विवरण अनुसार ७० जनालाई बढीमा १०० दिन र कम्तिमा ९१ दिन गरी औषतमा ९८.५६ दिनको कार्यक्रम खर्चमा रु.५६,७१,२२६/-र प्रशासनिकमा रु.१६,६९,९३६।-गरी जम्मा रु.७३,४१,१६२।-खर्च लेखेको छ । सो सम्वन्धमा देखिएको व्यहोरा निम्नानुसार छन:-

७४.२ निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि विशेष व्यवस्था गरेको, दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा रोजगारदाताले दुर्घटना विमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्वन्धित गाउँपालिका तथा नगर कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्वन्धमा लाभग्राही समेतको संलग्नतामा बर्षको कम्तिमा एक पटक सार्वजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्यिवन गरेको नपाईएकोले सुधारहुनु पर्दछ ।

७४.३ प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको वजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मूल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ । त्यस्तै दफा १८ मा रोजगारदाताले प्रत्येक बर्षको चैत्र मसान्त भित्रको म्याद तोकी वेरोजगारहरुको लगत संकलन गर्नुपर्ने र लाभग्राही परीचयपत्र वितरण गर्नुपर्ने उल्लेख छ । तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्वन्धमा सुधार हुनुपर्दछ ।

७४.४ रोजगारी सृजना सहित स्थानीय तहमा भौतिक पूर्वाधार विकास तथा स्वरोजगारी क्षमता अभिवृद्धि गर्ने प्रमुख लक्ष्य रहेको उक्त कार्यक्रममा पालिकाले रोजगारमुखी योजना कार्यान्वियन गर्दा बजेट, बेरोजगारीको संख्या र सम्भाव्य योजना समेत मिल्ने गरी कार्यक्रम छनौट एवं स्वीकृत गरेर कार्यक्रम कार्यान्वियन गर्नु पर्नेमा सो वेगर देहाय अनुसारका योजनाहरुमा कार्यपालिकाको निर्णयअनुसार योजनाहरू छनौट गरी वजेट खर्च भएको छ । वेरोजगार पहिचान तथा सोको सूची तयार गरी कार्यक्रमको उद्देश्य अनुरुप बेरोजगारी व्यक्तिहरुलाई पर्याप्त रोजगार सृजना गर्दै दिगो र उच्च प्रतिफल प्राप्त हुने योजनामा कार्यक्रम संचालन गर्नुपर्नेमा पालिकाले उत्पादकमूलक र रोजगारमूलक योजना संचालन गरेको पाईएन सो सम्वन्धमा पालिकाले ध्यान दिनुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ७४.४ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

७५ स्यानिटरी प्याड

७५.१ सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ६ को मा (४) विद्यालयका सम्पर्क व्यक्तिले छात्राहरुलाई एउटा महिनावारी चक्रका लागि बढीमा सोह्र वटासम्म सेनिटरी प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था छ।पालिकाको इमिस विवरण अनुसार कक्षा ६-१२ सम्म २२७० छात्रा विधार्थी रहेको देखियो। उक्त विधार्थीको लागी ४५४०० प्याकेट स्यानिटरी प्याड आवश्यक पर्दछ। पालिकामा गत वर्षको मौज्दात रहेको छैन। विद्यालयमा रहेको सेनिटरी प्याडको मौज्दात जिन्सि खातामा रहे नरहेको सम्बन्धमा प्रमाण पेश भएको छैन।तसर्थ पालिकाले विद्यालयमा रहेको स्यानिटरी प्याडको वास्तविक मौज्दात यकिन गरी आवश्यकता अनुसार स्यानिटरी प्याड खरिद गर्नेतर्फ ध्यान दिनुपर्दछ।

७५.२ सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यवस्था रहेको छ। पालिकाले आ ब २०८१।८२ मा गो भौ नं ३३७ बाट रु १५१७९७४ को ३१७८० प्याकेट स्यानिटरी प्याड बिएन ईन्टरप्राइजेज बाट खरिद गरेकोमा २९६६८ प्याकेट विद्यालयमा वितरण गरेको र २११२ प्याकेट मात्र पालिकामा मौज्दात रहेको छ।पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ।

७५.३ दफा २१ मा यस कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाँचामा चौमासिक रुपमा विद्यालयले स्थानीय तहमा र स्थानीय तहले प्रदेश सामाजिक विकास मन्त्रालय र मन्त्रालयमा पठाउनु पर्नेछ व्यवस्था रहेकोमा विद्यालयले स्थानीय तहमा प्रगति विवरण पठाएको देखिएन। विद्यालयले समयमै प्रगति विवरण पठाउनुपर्दछ।

७६ सशर्त तर्फको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपदफा १५ मा दायित्व सृजना भई भुक्तानी दिन बाँकी रकम,चालु आर्थिक वर्षको सम्बन्धीत बजेट रकमबाट भुक्तानी दिन पुग्ने नदेखिएमा स्वीकृत दरबन्दीको तलव, भत्ता,सरुवा भ्रमण खर्च, घरभाडा, पोशाक, खाद्यान्न, औषधी, उपचार, सेवानिबृत्त सुबिधा र स्वीकृत बार्षिक कार्यक्रममा समाबेश भएको सम्झौता बमोजिमको रकम मात्र भुक्तानी दिन बाँकीको बिबरण प्रमाणित गरी सुचना प्रणालीमा प्रबिष्टी गराइ भुक्तानी दिन सकिने ब्यबस्था छ। यस बर्ष नगरपालिकाले संघिय सशर्त तर्फको गत बर्षको विभिन्न कार्यक्रम वापतको विलभरपाइ संलग्न गरी रु १०१२१० भुक्तानी गरेको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सिर्जित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्नु पर्नेमा संघीय सशर्त तर्फको बजेट खर्च भुक्तानी गरेको अनियमित देखिएको रकम रू.

अनियमित भएको	१,०१,२१०

७७ फोहरमैला तथा ल्याण्डफिल्ड व्यवस्थापन शिर्षकवाट इन्धन खर्च

महालेखा नियन्त्रक कार्यालयले जारी गरेको एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या २०७४(दोश्रो परिमार्जन) अनुसार सम्बन्धित खर्च शिर्षकमा विनियोजित रकमवाट मात्र खर्च लेख्ने मिल्ने देखिन्छ। यस शिर्षक मा विनियोजित वजेटवाट फोहरमैला ब्यवस्थापनमा उपयोग हुने साधनहरुको इन्धन खर्च लगायतको खर्चहरु लेखेको देखियो । सरसफाइमा उपयोग हुने उपकरणहरुमा रु १२,४४,३५३/- इन्धन खर्च लेख्दा सवारी साधनको नं उल्लेख गरी विल संलग्न गरी खर्च लेख्ने गरेको देखिएतापनि सवारी साधन अनुसार खपतको विवरण संलग्न गरेको देखिएन । यसरी लगबुक तथा दुरी अनुसारको खपतको पुष्ट्याई हुने कागजात संलग्न नगरी खर्च लेख्दा आन्तरिक नियन्त्रण प्रभावकारी नहुने, वढी खर्च दावि हुनसक्ने लगायतको समस्या देखिनसक्ने हुनाले स्पष्ट आधारप्रमाण संलग्न गर्नुपर्ने तथा खर्च शिर्षकको वर्गिकरण अनुसार मात्र खर्च लेख्नेतर्फ ध्यान दिनुपर्ने देखियो ।

७८ औषधी वितरण

७८.१

पालिकाले यस आ.ब मा आधारभुत र आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद वापत लागि रानीमहल मेडिको सप्लायर्सलाई रु.१४,१६,२४६/-. भुक्तानी खर्च लेखेको छ । सो सम्बन्धमा देखिएको व्यहोरा निम्न छन् :-

७८.२ पालिकालाई आवश्यक पर्ने औषधी मध्ये पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नुपर्दछ।आपूर्ति हुने औषधीमा उत्पादन मिति, म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुको साथै आपूर्ति भएका औषधीको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तिमा १८ महिना वाँकी हुनुपर्दछ।त्यसैगरी भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकाले औषधी खरिद गर्दा आवश्यकताको परिमाण पहिचान नगरेकोमा पुल सिस्टमको आधारमा आपूर्ति समेत गरेको देखिएन।अत: पालिकाले औषधी खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधी खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा सार्वजनिक निकायले मालसामानको लागत अनुमान तयार गर्दा सोही नियमावलीको नियम ९ र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधीनमा रही तयार गर्नुपर्नेछ। यसरी लागत अनुमान तयार गर्दा सम्वन्धित सार्वजनिक निकाय जस्तै जिल्लाको अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो वर्षहरुमा सोही प्रकृतिको खरिद गर्दा लागेको वास्तविक लागत, स्थानीय बजारमा प्रचलित दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दररेट आदिलाई आधार मान्नुपर्ने व्यवस्था छ ।लागत अनुमान तयार गर्दा ३ वटा फर्मवाट दररेट लिइ औषत दर कायम गरेको तथा औषधीजन्य खरिदको लागि २ वटा फर्म तथा गत वर्षको खरिद दरको औषत दरको आधार लिएको देखियो । लागत अनुमानको आधारका रुपमा दररेट लिइएका आपुर्तिकर्ताहरु आधिकारीक विक्रेता भए नभएको सम्बन्धमा कार्यालयले यकिन गरेको देखिएन। यसरी स्पष्ट आधारवेगर लागत अनुमानको तयारी गर्दा खरिद कार्य मितव्ययी र प्रतिस्पर्धी नहुन सक्ने देखिन्छ । यस्तै प्रकृतिको सामान खरिद गर्ने निकायहरुको लागत अनुमानको दररेट निर्धारण प्रकृया, बजारको वास्तविक दर तथा गुणस्तर समेत विश्लेषण गरी लागत अनुमान तयार हुनुपर्दछ ।

• खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो भन्ने उल्लेख भएतापनि र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन भए नभएको स्पष्ट नभएको पाइयो ।

• आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सर्टिफाइड भएको औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख भएको भएतापनि पालिकाकै स्वास्थ्यकर्मीबाट मुचुल्का उठाई राख्ने गरेको देखियो।पालिकाले सम्बन्धीत विषय विज्ञबाट मुचुल्का उठाई राखेमा औषधी खरिदमा गुणस्तरीयताको सुनिश्चितता हुने तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाउनुपर्दछ।

• औषधी भण्डारण गर्दा सामानको व्याच र म्यादको आधारमा सामान राखिएको तर सोही अनुसार ELMIS मा सामान राखेको ठाँउ खुल्ने गरी ईन्ट्री नगरेको देखियो तर पालिकाले ELMIS ठाउ खुल्ने गरी ईन्ट्री गर्न नमिल्ने जनाएको छ।

• औषधीको आवश्यकता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधी, सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधी, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेतको यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नुपर्दछ।स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्चगरी औषधीको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ त्यस्तै पालिकाबाट औषधी वितरण भएको औषधी स्वास्थ्य कार्यलयले व्यवस्थित अभिलेख राखी वितरण गरे नगरेको, स्वास्थ्य संस्थाले भणडारण व्यवस्थित गरे नगरेको र औषधीको उपयोगको अवस्था अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

७९ **आमा सुरक्षा कार्यक्रम** (६५-2081-07-15):

आमा तथा नवजात शिशु सुरक्षा कार्यक्रम निर्देशिका २०७८ को अनुसूची २ मा आमा सुरक्षा कार्यक्रम अन्तर्गत सेवाग्राही महिलाले प्राप्त गर्ने यातायात खर्च तथा उत्प्रेरणा रकम तथा स्वास्थ्य संस्थाले प्राप्त गर्ने इकाई मूल्यको व्यबस्था गरेको छ।सेवाग्राही महिलालाई संस्थागत प्रसूति सेवा लिएवापत प्रदान गरिने यातायात खर्च पहाडी, जिल्लाहरुका लागि रु २००० र ४ पटक गर्भवती सेवा लिएवापत

उत्प्रेरणा स्वरूप यातायात खर्च महिलाले प्रसुति सेवा लिन आउँदा प्रोटोकल अनुसार ४ पटक गर्भवती जाँच गराएको कार्ड प्रस्तुत गरेमा रु ८००।- (आठ सय) उत्प्रेरणावापत स्वास्थ्य संस्थाले महिला प्रसूति भई सकेपछि डिस्चार्ज भई जाँदा उपलब्ध गराउने व्यबस्था छ। तानसेन नगरपालिका अन्तर्गत लुम्बिनी मेडिकल कलेज तथा शिक्षण अस्पताल प्रभास, पाल्पासँग भएको सम्झौता अनुसार गत आ.ब २०८०।८१ मा आमा सुरक्षा कार्यक्रम लागु भई सेवा प्रदान गरेकोमा आ.ब २०८०।८१ बैशाख, जेठ, असार महिनाको भुक्तानी दिन बाँकी रु ३०,५०,१६०।- पालिकाले यो बर्ष भुक्तानी गरेको छ।यातायात खर्च र ४ पटक गर्भवती जाँच बापत सेवाग्राहीले अस्पतालबाट बुझेको रकमको भरपाई नमुना छनौट गरी जाँच गर्दा एकै ब्यक्तिले धेरै फारम भरेको र हस्ताक्षर समेत सोही अक्षरबाट सेवाग्राहिको नामसँग मिल्दो हुने गरी देखिएकोले यस्ता विषयमा रकम भुक्तानी गर्दा सेवाग्राहीले रकम बुझे नबुझेको पालिकाले यकिन गर्नुपर्दछ र आन्तरीक नियन्त्रण प्रणालीलाई समेत प्रभावकारी बनाउनुपर्दछ।

८० **भरपाई नभएको** (२५८-2081-01-25):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ । कार्यलय सुरक्षा सामाग्री शिर्षक अन्तर्गत फिस्टेल जियोसर्भे प्रा.लि बाट प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि पालिकाले खरिद गरेको रु.१,६७,५२२/- को सुरक्षा सामाग्री कामदारलाइ वितरण गरेको भरपाई पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

प्रमाण पेश नगरेको	१,६७,५२२

८१ **लघु उद्यम विकास कार्यक्रम**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा सो रकम पुष्टी गर्ने बिल, भरपाई, प्रमाण, कागजात संलग्न गर्नुपर्ने व्यवस्था रहेको छ।गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत पालिकाले देहायका कार्यक्रम सञ्चालन गरेवापत रु ४३७०५० खर्च गरेको छ।उक्त कार्यक्रमको अनुगमन वापत समेत खर्च भएकोमा अनुगमन प्रतिवेदन पेश नभएकोले कार्यक्रमको सम्पूर्ण जानकारी हुने गरी अनुगमन प्रतिवेदन पेश गरेको देखिएन । सार्वजनिक श्रोतको उद्येश्यमुलक रुपले खर्च भएनभएको सम्बन्धमा पालिकालस्तरवाट अनुगमन मुल्याँकन हुनुपर्ने देखिन्छ।

गो.भौ.नं मिति	कार्यक्रम	भुक्तानी रकम रु
३८५-२०८१।०३।१२	एडभान्स सिलाइकटाई तालिम	१२२०००
३८६-२०८१।०३।१२	सिलाइकटाई विकास तालिम	३१५०५०
जम्मा		४३७०५०

८२ **आन्तरिक आय तथा राजश्व**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्यय अनुमान बमोजिम आर्थिक वर्ष २०८१।०८२ मा राजस्वको अनुमान ११ करोड ६४ लाख २२ हजार रहेकोमा असुली ८ करोड ९० लाख ४५ हजार अर्थात ७६ प्रतिशत मात्र रहेको देखिन्छ । अघिल्लो आर्थिक वर्षको तुलनामा २१ प्रतिशतले राजस्व संकलन बढी भएको देखिन्छ ।राजश्व उठ्ने क्षेत्रहरु अझै पहिचान गरी राजश्व वृद्धि गरी आन्तरिक श्रोतको परिचालनमा वृद्धि गर्नुपर्दछ ।

(विस्तृत विवरण बेरूजु दफा ८२ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

८३ **आन्तरिक आय**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रीय अनुदानवाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
८८,०७,८९,०३९	७,३६,००,१४५.९१	८.३५

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ८.३५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८४ **सामुदायिक वनबाट आय**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार विक्री तथा उपयोग सम्बन्धी आफ्नो कार्ययोजना बनाई पालिकाबाट स्वीकृत गराउनुपर्ने तथा वन पैदावार बिक्री वापत हुने रकमको १० प्रतिशत रकम सम्बन्धीत पालिकाको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आफ्नो क्षेत्रभित्रको ८७ वटा सामुदायिक वनको अभिलेख राखी कार्य योजना स्वीकृत गरेको तथा वन पैदावार बिक्री वापत हुने गरेको रकम सम्बन्धमा खोजी गरी आम्दानी बाँधेको देखिएन ।

८५ **सामाजिक सुरक्षा**

पालिकाले सामाजिक सुरक्षा भत्ता वापत रू.२०४२७७८२६/- खर्च लेखेकोमा देखिएका बेहोराहरु देहाय अनुसार छन:-

(क)निष्क्रिय खाता: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसुची १० मा स्थानीय तह र बैंकवीच हुने सम्झौताबमोजिम सामाजिक सुरक्षा विशेष खाता संचालन गर्ने बैंक तथा वित्तीय संस्थाले यस प्रकारका खाताहरु मध्ये निस्कृय (Dormant) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र पालिकालाई दिनुपर्ने उल्लेख छ । तर बैंकले निश्क्रिय खाताको विवरण तोकिएको अवधिमा सम्बन्धीत पालिकालाई उपलब्ध गराएको देखिएन । पालिकाले समयमै यस्ता निश्क्रिय खाता र सो खाताहरुमा रहेको रकमहरुको विवरण बैंक सँग माग गरी हिसाब मिलान गर्नुपर्ने देखिन्छ।

(ख)लगत कट्टाको अभिलेख: सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ११ मा कुनै लाभग्राहीको मृत्यु भएमा, एकल महिला लाभग्राहीले विवाह गरेमा वा ऐन, नियमावली तथा कार्यविधि बमोजिम लगत कट्टा हुनुपर्ने लाभग्राहीको हकवाला वा प्रचलित कानून बमोजिमका सूचकले सम्बन्धीत स्थानीय तहको वडा कार्यालयमा त्यस्तो घटना भएको ३५ दिनभित्र घटना दर्ता गराई सम्बन्धीत स्थानीय तहको अभिलेखबाट नाम हटाउनु पर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनु पर्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८१/८२ मा लगत कट्टा गरेको विवरण र मृत्यु दर्ताको अभिलेख अद्यावधिक गरेको छैन । जसले गर्दा लगत कट्टा गर्नुपर्ने लाभग्राहीलाई समेत भत्ता भुक्तानी हुनसक्ने जोखिम देखिन्छ। पालिकाले कार्यविधि अनुसार लगत कट्टा गरी अभिलेख अद्यावधिक गर्नु पर्दछ ।

(ग)अनुगमन तथा पारदर्शिता :- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को दफा ३२ अनुसार पारदर्शिता कायम गर्नुपर्ने ,दफा ३४ अनुसार सार्वजनिक सुनवाई गर्नुपर्ने ब्यवस्था रहेको छ। दफा ३२ अनुसार स्थानीय तहको कार्यालयले लाभग्राहीको नाम दर्ता र नवीकरण प्रक्रिया, भत्ताको दर प्राप्त हुने बैंक लाभग्राहीले पूरा गर्नुपर्ने प्रक्रिया जस्ता भत्तासम्बन्धी जानकारी स्थानीय सामाजिक संघसंस्था, गैरसरकारी संस्था , सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य प्रचारप्रसार गर्नुपर्ने, स्थानीय तहले भुक्तानी गरेको रकम तथा नामावली स्थानीय तहको कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ। साथै भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम वेबसाइटमा राख्ने व्यवस्था मिलाउनुपर्ने दफा ३४(१) अनुसार सार्वजनिक सुनवाईबाट प्राप्त गुनासा तथा सुझाव मध्ये स्थानीय तहले आफूले सक्ने कुरा सम्बोधन गरी स्थानीय तहबाट र सम्बोधन हुन नसक्ने गुनासा तथा सुझाव सम्बोधनको लागि स्थानीय तह प्रदेश सरकार वा नेपाल सरकारको सम्बन्धित निकायमा पठाउनुपर्ने व्यवस्था रहेको छ । पालिकावाट उपरोक्त विषय सम्वन्धमा गरेको कृयाकलापहरुको प्रमाण संलग्न भएको देखिएन।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : तानसेन नगरपालिका, पाल्पा , तानसेन नगरपालिका , पाल्पा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	पिताम्बर पाण्डे	२०७७-१०-१९	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	हरिराम नागिला	२०८०-१२-५	२०८१-९-१८
लेखा प्रमुख	कोशलराज घिमिरे	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
१,०२२,८३४.६८	१७,३०५,४८८	११,९१२,७३८	०	०	२,१९४,५००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					३२,४३५,५६०.६८
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					३२,४३५,५६०.६८

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		७८००७८७१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१४१४०२१६०	चालु खर्च	५६११३१४४८
प्रदेश सरकारबाट अनुदान	१०९१३०००	पूँजीगत खर्च	६०४१२८८६८
राजश्व बाँडफाँट	१४३३२१३१९	वित्तीय/अन्य व्यवस्था	३७५७९१५१९
आन्तरिक आय	७३६००१४५		
अन्य आय	१२६६५२२८३२		
कुल आय	१६३५७५९४५६	कुल खर्च	१५४१०५१८३५
बाँकी मौज्दात		१७२७१५४९२	

अनुसूची - २

बेरूजु दफा ३ सँग सम्बन्धित विवरण - अनुसूची - ३

क्र.स./आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालु आ.ब.को कारोबार			गत आ.ब. को कारोबार		
			नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		०	०	०	१६,९८,१८,५१८.१७	०	१६,९८,१८,५१८.१७
१३०००	अनुदान		०	०	०	९३,१६,१५,९५५.७८	०	९३,१६,१५,९५५.७८
१४०००	अन्य राजस्व		०	०	०	४,६५,८४,९६५.४५	०	४,६५,८४,९६५.४५
१५०००	विविध प्राप्ति		०	०	०	५,१७,९८२.६०	०	५,१७,९८२.६०
क	कुल जम्मा प्राप्ति					१,१४,८५,३७,४२२.००		१,१४,८५,३७,४२२.००
३	चालु		०	०	०	५६,११,३१,४४८.९६	०	५६,११,३१,४४८.९६
२१०००	पारिश्रमिक / सुविधा		०	०	०	३७,५१,०८,७६८.४२	०	३७,५१,०८,७६८.४२
२२०००	मालसामान तथा सेवाको उपयोग		०	०	०	१५,७६,५२,४१५.२३	०	१५,७६,५२,४१५.२३
२४०००	ब्याज, सेवा शुल्क तथा बैंक कमिशन		०	०	०	१,२१,७७,४७८.३१	०	१,२१,७७,४७८.३१
२५०००	सहायता (Subsidy)		०	०	०	६०,२६,२७७.००	०	६०,२६,२७७.००
२७०००	सामाजिक सुरक्षा		०	०	०	९८,४२,५१०.००	०	९८,४२,५१०.००
२८०००	अन्य खर्च		०	०	०	३,२४,०००.००	०	३,२४,०००.००
४	पूंजीगत		०	०	०	६०,४१,२८,८६८.६६	०	६०,४१,२८,८६८.६६
३१११०	भवन तथा संरचना		०	०	०	८,६५,३३४.००	०	८,६५,३३४.००
३११२०	सवारी साधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		०	०	०	६१,२३,०८४.००	०	६१,२३,०८४.००
३११४०	सुरक्षा उपकरण		०	०	०	६,३८,३६४.००	०	६,३८,३६४.००
३११५०	सार्वजनिक निर्माण		०	०	०	५९,६२,१०,००१.६६	०	५९,६२,१०,००१.६६
३११६०	निर्मितसरचनाको सुधार खर्च		०	०	०	२,९२,०८५.००	०	२,९२,०८५.००
ख)	कुल जम्मा भुक्तानी					१,१६,५२,६०,३१७.६२		१,१६,५२,६०,३१७.६२
ग)	बचत /कमी (ग = क-ख)					(१,६७,२२,८९५.६२)		(१,६७,२२,८९५.६२)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-)					३,३४,३४,९४७.८१		३,३४,३४,९४७.८१
घ.१)	कट्टी रकम भुक्तानी/दाखिला गर्न बाकी							

ङ)	यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)					१,६७,१२,०५२.१९		१,६७,१२,०५२.१९
च)	गत आ.व.को नगद तथा बैंक मौज्दात					१५,५९,४७,६४४.७७		१५,५९,४७,६४४.७७
छ)	विनिमय नाफा/घाटा तथा अन्य समायोजन							
ज)	आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ)					१७,२६,५९,६९६.९६		१७,२६,५९,६९६.९६

बेरूजु दफा ७४.४ सँग सम्बन्धित विवरण - अनुसूची -४

सि.नं	योजनाको नाम	वडा नं	श्रमिक संख्या	कार्यदिन	जम्मा कार्यदिन	श्रोत	विनियोजित बजेट	कुल खर्च रकम
१	रोजरिसोर्ट जाने मेन रोड देखि नर्सिङ स्कूल निस्किने गोरेटो बाटो, रानीमहल जाने बाटो देखि गाईमुखे धारा जाने गोरेटो बाटो बिसौनी घुम्टी देखि पीपलडाडा जोड्न गोरेटो बाटो ।	१	३	१००	३००	नेपाल सरकार	२००४००	२००४००
२	विभिन्न ठाउमा सरसफाई तथा बाटो ढल, वाल निर्माण ।	२	३	१००	३००	नेपाल सरकार	२००४००	२००४००
३	सेन्ट क्यापितानियो देखी परौठा हाउस घुम्टिबाट ३ न.सिमाना सम्म नाली सफाई र झाडी सफाइ , गौरी शंकर तलबाट होलाङ्दी हुदै टक्सार र निशनधारादेखी वसन्तपुर जाने बाटो नाली सफाई र झाडी सफाई गर्ने ।	३	३	५०	१५०	विश्व बैंक	१००२००	१००२००
४	सेन्टकापितानियो देखि खलंगा बाटो निर्माण , सेती पोखरी देखी डम्पिङ साइड नाली सोर्ने, थारिपोखरा देखि चिउडाडा नाली सफा गर्ने, ढुंगाखानी गैरा कच्ची नाली निर्माण ।	५	५	५०	२५०	विश्व बैंक	१६७०००	१६७०००
५	लामडाँडा देखि गाहा टोल स्वामीको रूख सम्मको बाटो स्तरोन्नती गर्ने ।	६	५	१००	५००	नेपाल सरकार	३३४०००	३३४०००
६	सुन्दरचोक हुँदै सुकुमवासी टोल जाने बाटो र नाली स्तरोन्नती गर्ने , अर्चेले मन्दिर कुन्सरे हुदै वडा न. ७ रिंगरोड जोड्ने बाटो नाली स्तरोन्नति गर्ने , पालेपिपल हुँदै हात्तीगौडा तर्फ जाने बाटोको नाली सफाइ तथा कच्ची नाली थप्ने ।	६	३	५०	१५०	विश्व बैंक	१००२००	१००२००
७	कुन्सरे, पक्लुवा सुन्दरगाउ, लामडाडा, रक्साह, नयाँगाउ, बर्तुंग, काजीपौवा, खुर्पादी कच्ची मोटर बाटोमा कच्ची नाली खन्ने	७	२	१००	२००	नेपाल सरकार	१३३६००	१३३६००
८	बेनी डाँडा, रानीकोहल कमल पोखरी, सरस्वती मा.वि.परिसर, प्रभास डाँडा, पिपलटारी, ७ नं, वडा कार्यालय परिसर, कुसुमडाँडा झाडी सरसफाई कार्य गर्ने, बेनी डाँडा पुराना गोरेटो बाटो	७	४	५०	२००	विश्व बैंक	१३३६००	१३३६००
९	भालेवास छाप नाली सरसफाई, देउराली पिपलडाँडा गेझा मोटर बाटो नाली निर्माण र गाड्दी खोला पाडेँखर्क नाली निर्माण तथा सफाइ	८	७	५०	३५०	नेपाल सरकार	२६७२००	२६७२००
१०	वृन्दावन वस्ती मोटर बाटो निर्माण	८	४	१००	४००	विश्व बैंक	२३३८००	२३३८००
११	धोन्द्रेखोला अँपगैरा गोठुवा बाटो निर्माण	९	३	१००	३००	नेपाल सरकार	२००४००	२००४००
१२	जरेपिपल मुढुले आँप हुदै पुरानो स्कुल निस्कने गोरेटो वाटो निर्माण । ढडाह खोला देखी कोलभञ्जाङ्ग गोरेटो बाटो । बुद्धिसुनारको घरदेखी माथिल्लो अलैचीगैरा सम्मको गोरेटो बाटो निर्माण ।	१०	५	१००	५००	नेपाल सरकार	३३४०००	३३४०००
१३	नयाँपाटी देखी भारकेश निस्कने नया ट्र्याक खोल्न, वयरघारी वडा कार्यालय, तल्लिपिपल मोटरवाटो नाली सफा गर्ने ।	१०	३	५०	१५०	विश्व बैंक	१००२००	१००२००
१४	स्वास्थ्य चौकी जोगीपानी भातिन्दा पोखरी गोरेटो बाटो निर्माण ।	११	५	५०	२५०	विश्व बैंक	१६७०००	१६७०००
१५	पिपलबोट देखी बाँसगैरा जाने गोरेटो बाटो निर्माण, मौवा डाँडा गोरेटो बाटो निर्माण तथा गुलैचीको रुख देखि थुम्का सम्म जाने गोरेटो बाटो निर्माण ।	१२	७	५०	३५०	विश्व बैंक	२३३८००	२३३८००
१६	बौघगुम्बा देखी केरवादी रिङ्ग रोड मोटर बाटो नाली सुधार ।	१३	३	४८	१४४	विश्व बैंक	१००२००	९७७९५

!&	देउराली डाँडादेखी कुडापानी, छत्तीवन जाने गोरेटोबाटो निर्माण ।	१४	५	९१	४६०	नेपाल सरकार	३३४०००	३०५५१०
	जम्मा		७० जना	१२३९	४९५४		३३४००००	३३०९१११

बेरूजु दफा ८२ सँग सम्बन्धित विवरण - अनुसूची -५

सि.नं.	राजश्वको नाम	२०७९।८० को असूली	२०८०।८१ को असूली	२०८१।०८२ को अनुमान	२०८१।०८२ को असुली	बढी/घटी (२०८०।०८१ को तुलनामा)
१	सम्पत्ती कर	६०३४४९९.७०	६३३३३९६.००	८५०००००.००	५९६४४३५.७०	-३६८९६०.२०
२	भूमिकर मालपेत	३५८९२४२.५०	४२३८३६३.८०	५००००००.००	४७८२०८२.८०	५४३७१८.९३
३	बहाल कर घर जग्गा अन्य	१११०९७४५.००	९८४४८२५.४०	११००००००.००	९३६०३७२.६०	-४८४४५२.८०
४	बहाद विटैरी कर	३५९८७२.१५	३२१४१८.००	८०००००.००	१५६८१८.८०	-१६४५९९.२०
५	साना सवारी साधन कर	१३०००.००	३६५००.००	५००००.००	४४३९८.००	७८९८.००
६	स्थानीय पूर्वाधार	९०६२३३६.५०	८८५८९६०.००	१५००००००.००	८८४८४४५.००	-१०५१५.००
७	कृषि तथा पशुजन्य			३०००००.००		०.००
८	अखेटेपहारमा लाग्ने			१०००००.००		०.००
९	अन्य कर		२३३७७८९.८०	२००००००.००	४४१३०७४.६०	२०७५२८४.८०
१०	सरकारी सम्पत्तीको बहालबाट आय	४३७३०१२.००	२२२०४६०.००	२५०००००.००	१८३७८१६.४०	-३८२६४३.६०
११	व्यवसाय कर	३३५३०२०.६०	३८९३२६६.६०	५००००००.००	४७८६७८१.६०	८९३५१५.००
१२	अन्य श्रातबाट प्राप्त	४२२९१११.००	६८५९११.८२			-६८५९११.८०
१३	अन्य विक्रीबाट प्राप्त	१०२६५४५.००	१०७७५.००	३४००००.००	१०००.००	-९७७५.००
१४	अन्य सेवा शुल्क तथा विक्री	७२३७३८४.८०	४६२२४१०.८०	४५०००००.००	३०६४६२०.००	-१५५७७९१.००
१५	न्यायीक दस्तुर		४४००.००	५००००.००	४०००.००	-४००.००
१६	परीक्षा शुल्क		२६१५२०.००	१०००००.००	२९३००.००	-२३२२२०.००
१७	अन्य प्रशासनिक शुल्क			१००००००.००	८६९५४०.००	८६९५४०.००
१८	पार्किङ्ग शुल्क	८७८१००.००	१४३१००५.००	१६०००००.००	१२१९२८५.००	-२११७२०.००
१९	नक्सापास दस्तुर	७६७५६९०.५०	९०८१६००.००	६५०००००.००	३४१४०४०.९०	-५६६७५५९.००
२०	सिफारिस दस्तुर	१२५५११३०.४०		६५०००००.००	३८४८७९५.००	३८४८७९५.००
२१	व्यत्तिगत घट्नादर्ता		१३१०९३५.००	१२०००००.००	७२९५२०.००	-५८१४१५.००
२२	नाता प्रमाणित		३३१९८०.००	५०००००.००	४४५८९५.००	११३९१५.००
२३	अन्य दस्तुर		१९४९८६९.३०	२५०००००.००	२०१४५७८.९०	६४७०९.६४
२४	व्यवसाय रजिष्ट्रेसन दस्तुर	१५६७००.००	८५७४५.००	१०००००.००	१४३१२०.००	५७३७५.००
२५	न्यायीक दण्ड जरिवाना			१००००.००	१०२००.००	१०२००.००

२६	प्रशासनिक दण्ड ज			३५००००.००	५६४५०६९.८०	५६४५०६९.८०
२७	प्रदुषण नियन्त्रण शुल्क		५८०९३८.००	६०००००.००	१०१९०२०.००	४३८०८२.००
२८	अन्य राजश्व		११५१३७६९.००	२५१५८१६७.००	२३७००२४९.००	१२१८६४८०.००
२९	अन्य मनेरन्जन कर	६४५८८.२५	१३३८९१.००	१०००००.००	२३५९९१.००	१०२१००.००
३०	विज्ञापन कर	२२०३८०.००	७१३८५०.००	६०००००.००	५२६३५०.००	-१८७५००.००
३१	दहतर बहतर		१९५६२६०.३०	८००००००.००	१४१३२०२.००	-५४३०५८.३०
	जम्मा	६०६३८३५८.००	७३०२०६१२.००	११६४१२१२४.००	८९०४५९८५.००	१५७६८१६२.००

सुझाव

स्थानीय तहहरूद्धारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।